# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## रामधुनी नगरपालिका

## सुनसरी




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**


महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## रामधुनी नगरपालिका

सुनसरी




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

२०७९

## रामधुनी नगरपालिका

सुनसरी

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षणमान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर रायसहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको, बाँकी अनुदान वर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेकोलगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनोट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दीअनुसार पदपूर्ति नभएको, दरबन्दीबेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एवं सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ । स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदनउपर छलफल र बेरुजु फस्र्योटसम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन। लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भइ लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका प्रमुखसहितका पदाधिकारीहरूसँग छलफलसमेत गरिएको छ । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु ।

(टंकमणि शर्मा, दंगाल)

२०७९ चैत्र

महालेखापरीक्ष

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनलय
कोशी प्रदेश

पत्र संख्याः
च.नं. ७३

मितिः २०७९।१२।२९

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

श्री प्रमुखज्यू,
रामधुनी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
सुनसरी।

१. **कैफियतसहितको राय-** हामीले रामधुनी नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

२. **कैफियतसहितको राय व्यक्त गर्ने आधार-**

२.१ नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२.२ लेखापरीक्षणबाट रू. ७ करोड ४ लाख ७१ हजार बेरुजु देखिएको छ । सो सम्बन्धमा प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. २१ लाख ९६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ५ करोड २२ लाख १० हजार, नियमित गर्नुपर्ने रु. १ करोड २७ लाख १२ हजार र पेश्की रू. ३३ लाख ५३ हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु. १८ करोड ४५ लाख ५५ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु. २५ करोड ५० लाख २६ हजार रहेको छ । नगरपालिकाको **बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**

२.३ नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेकोलगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ । कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

२.४ आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्कीबाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने पालिकासँग हामी स्वतन्त्र छौं । त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

३. **वित्तीय विवरणउपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनबमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

४. **वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी-** वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूतरूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

(पद्मप्रसाद आचार्य)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

रामधुनी नगरपालिका, सुनसरी

## १. चालु वर्षको बेरुजु २०७८।७९

## १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ५२ | १७३ | ७०४७१ | ० | ० | ० | ५२ | १७३ | ७०४७१ | २१९६ | १२७१२ | ५२२१० | ० | ० | ६४९२२ | ३३५३ |

## १.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्वीकृत विवरण

| क्र.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| प्रारम्भिक प्रतिवेदन उपर कुनै प्रतिकृया प्राप्त नभएकोले प्रतिकृयाबाट फछ्र्यौट नभाएको | | | |

## २. अद्यावधिक बेरुजु स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| रामधुनी नगरपालिका सुनसरी | १८४५५५ | ० | ० | १८४५५५ | ० | ७०४७१ | २५५०२६ |

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : रामधुनी नगरपालिका, सुनसरी , रामधुनी नगरपालिका , सुनसरी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | कमल बहादुर थापा | २०७८-७-८ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | विरेन्द्र सिग्देल | २०७८-९-५ | हाल सम्म कार्यरत |
| | | बेरुजु रकम | ७०,४७०,८२२ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | १२,६०,३३,९६३ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४७,५५,७६,००० | **चालु खर्च** | ३४,५१,४३,७४२ |
| **प्रदेश सरकारबाट अनुदान** | ३,५८,५१,००० | **पूँजीगत खर्च** | २२,६९,९५,९३७ |
| **राजश्व बाँडफाँट** | ११,११,४१,६९७ | **वित्तीय/अन्य व्यवस्था** | २१,२६,७९,०९२ |
| **आन्तरिक आय** | ३,५६,३२,२१० | | |
| **अन्य आय** | २८,९७,७०,५३० | | |
| **कुल आय** | ९४,७९,७१,४३७ | **कुल खर्च** | ७८,४८,१८,७७१ |
| **बाँकी मौज्दात** | | २८,९१,८६,६२९ | |
| | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **लेखापरीक्षण**<br><br>यस पालिकाको आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०७९, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानुनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निर्क्यौल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर व्यवस्थापनसँग छलफल सम्पन्न गरिएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्ः | |
| २ | | | **परिचय**<br><br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु नै नगरपालिका स्थापनाको प्रमुख उद्देश्य हो । यो नगरपालिका कुल ९१.९६ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको, हाल ९ वटा वडाहरुमा बिभाजन गरिएको र सभा सदस्य संख्या ५० रहेको छ । वि.सं. २०६८ को जनगणना अनुसार कुल जनसंख्या ५१ हजार ७ सय २२ रहेको छ । | |
| ३ | | | **लेखापरीक्षणको क्रममा असुली**<br><br>लेखापरीक्षणको क्रममा देहाय बमोजिमको सञ्चित कोषमा फिर्ता भएको छ ।<br><br>विवरण \| रकम \| सञ्चित कोष | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | |
|---|---|---|
| बढी भुक्तानी | ३८७५ | संघिय सञ्चित कोष |
| बढी भुक्तानी | २४६२५ | स्थानीय सञ्चित कोष |
| जम्मा | २८५०० | |

४

## प्राप्ति भुक्तानि विवरण

प्राप्ती भुक्तानी हिसाव

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ७३,५८,४९,४५८.६० | ७३,७३,४४,५४८.८६ | | ७३,७३,४४,५४८.८६ | ५८,२८,९१,८१५.४० | | ५८,२८,९१,८१५.४० |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ७१,५७,६६,७५०.०० | ७२,७१,६९,४२७.६९ | ०.०० | ७२,७१,६९,४२७.६९ | ५७,३४,५५,६०९.७२ | ०.०० | ५७,३४,५५,६०९.७२ |
| ११००० कर | ११ | १४,५९,९५,०००.०० | १८,०५,४६,१३३.६७ | ०.०० | १८,०५,४६,१३३.६७ | १२,०१,०४,४१८.८४ | ०.०० | १२,०१,०४,४१८.८४ |
| १३००० अनुदान | | ५४,३३,६७,०००.०० | ५२,८२,४७,०००.०० | ०.०० | ५२,८२,४७,०००.०० | ४३,८७,९४,३८५.०० | ०.०० | ४३,८७,९४,३८५.०० |
| संघीय सरकार | १२ | ४८,०९,७६,०००.०० | ४७,५५,७६,०००.०० | ०.०० | ४७,५५,७६,०००.०० | ३९,७२,०४,०८०.०० | ०.०० | ३९,७२,०४,०८०.०० |
| प्रदेश सरकार | १२ | ३,२१,१६,०००.०० | ३,५८,५१,०००.०० | ०.०० | ३,५८,५१,०००.०० | २,०२,०१,०००.०० | ०.०० | २,०२,०१,०००.०० |
| अन्तरिक श्रोत | | ०.०० | ०.०० | ०.०० | ०.०० | ७,२७,७७५.०० | ०.०० | ७,२७,७७५.०० |
| जनसहभागिता | | ३,०२,७५,०००.०० | १,६८,२०,०००.०० | ०.०० | १,६८,२०,०००.०० | २,०६,६१,५३०.०० | ०.०० | २,०६,६१,५३०.०० |
| १४००० अन्य राजस्व | | २,६४,०४,७५०.०० | १,८३,७६,२९४.०२ | ०.०० | १,८३,७६,२९४.०२ | १,४५,५६,८०५.८८ | ०.०० | १,४५,५६,८०५.८८ |
| ख. अन्य प्राप्ति | | २,००,८२,७०८.६० | १,०१,७५,१२१.१७ | | १,०१,७५,१२१.१७ | ९४,३६,२०५.६८ | | ९४,३६,२०५.६८ |
| वितरण गर्न बाकी राजस्व | | ०.०० | ०.०० | ०.०० | ०.०० | ५५,१५,५८५.०० | ०.०० | ५५,१५,५८५.०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| कोषहरु | | २,००,८२,७०८.६० | १,०१,७५,१२१.१७ | ०.०० | १,०१,७५,१२१.१७ | ३८,३३,३२०.६८ | ०.०० | ३८,३३,३२०.६८ |
| धरौटी | | ०.०० | ०.०० | ०.०० | ०.०० | ८७,३००.०० | ०.०० | ८७,३००.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| भुक्तानी (ग+घ) | | ८१,३०,५६,८८२.६० | ५६,३४,१२,०३७.५५ | | ५६,३४,१२,०३७.५५ | ५१,५८,०२,२६९.३१ | | ५१,५८,०२,२६९.३१ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ७९,२९,७४,१७४.०० | ५५,७६,६४,९६८.५५ | | ५५,७६,६४,९६८.५५ | ४९,८१,१२,७९६.६० | | ४९,८१,१२,७९६.६० |
| २१००० पारिश्रमिक / सुविधा | १८ | २३,३४,२०,७९२.०० | २०,५२,२८,९६१.७८ | ०.०० | २०,५२,२८,९६१.७८ | २०,२२,४३,५३२.७४ | ०.०० | २०,२२,४३,५३२.७४ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १७,१६,१२,५०८.०० | १०,९८,८३,७८४.९३ | ०.०० | १०,९८,८३,७८४.९३ | ८,२९,३९,४०६.८४ | ०.०० | ८,२९,३९,४०६.८४ |
| २४००० ब्याज, सेवा शुल्क तथा बैंक कमिशन | १८ | ०.०० | ०.०० | ०.०० | ०.०० | १९,४५,८९५.७५ | ०.०० | १९,४५,८९५.७५ |
| २५००० सहायता (Subsidy) | १८ | १,६६,७०,०००.०० | १,२१,७२,६७०.७२ | ०.०० | १,२१,७२,६७०.७२ | ६८,९५,६३१.०० | ०.०० | ६८,९५,६३१.०० |
| २६००० अनुदान | १८ | ०.०० | (३,०००.००) | ०.०० | (३,०००.००) | ६२,७७,१३०.७० | ०.०० | ६२,७७,१३०.७० |
| २७००० सामाजिक सुरक्षा | १८ | ३,३३,३१,०००.०० | ६०,७०,५९८.०० | ०.०० | ६०,७०,५९८.०० | २३,२९,९३२.८४ | ०.०० | २३,२९,९३२.८४ |
| २८००० अन्य खर्च | १८ | १५,२८,७५०.०० | ६,६२,७९८.९६ | ०.०० | ६,६२,७९८.९६ | १०,१०,८६२.०० | ०.०० | १०,१०,८६२.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | ३३,६४,११,१२४.०० | २२,३६,४९,१५४.१६ | ०.०० | २२,३६,४९,१५४.१६ | १९,४४,७०,४०४.७३ | ०.०० | १९,४४,७०,४०४.७३ |
| घ. अन्य भूक्तानी | | २,००,८२,७०८.६० | ५७,४७,०६९.०० | | ५७,४७,०६९.०० | ५१,५८,०२,२६९.३१ | | ५१,५८,०२,२६९.३१ |
| कोषहरु | | २,००,८२,७०८.६० | ६७,२२,५०८.८२ | ०.०० | ६७,२२,५०८.८२ | १,७६,०२,१७२.७१ | ०.०० | १,७६,०२,१७२.७१ |
| धरौटी | | ०.०० | ०.०० | ०.०० | ०.०० | ८७,३००.०० | ०.०० | ८७,३००.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | (९,७५,४३९.८२) | | (९,७५,४३९.८२) | | | |
| ङ. यो वर्षको बचत (न्युन) | | (७,७२,०७,४२४.००) | १७,३९,३२,५११.३१ | | १७,३९,३२,५११.३१ | ६,७०,८९,५४६.०९ | | ६,७०,८९,५४६.०९ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | १३,६५,५२,४५४.५६ | | १३,६५,५२,४५४.५६ | २,८७,५७,१२६.०८ | | २,८७,५७,१२६.०८ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | (७,७२,०७,४२४.००) | ३१,०४,८४,९६५.८७ | | ३१,०४,८४,९६५.८७ | ९,५८,४६,६७२.१७ | | ९,५८,४६,६७२.१७ |
| | | | | | | | | |
| बैंक तथा नगद बाकी | २४ | | ३१,६०,००,५५०.८७ | | ३१,६०,००,५५०.८७ | १८,५८,८४,६४६.१६ | | १८,५८,८४,६४६.१६ |

५

## एकिकृत आय व्यय विवरण

### कार्यालयले पेश गरेको आर्थिक वर्ष २०७८।७९ को एकिकृत आय व्यय विवरण

| सि.न. | आय तर्फ | | | सि.न. | व्यय तर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | | | विवरण | | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | १२६०३३९६३.१ | १ | चालु खर्च | | ३४५१४३७४२.६ |
| | क) नगद | ० | | | क) नगरपालिका | १४६४८७५५१.५ | |
| | ख) बैक | १२६०३३९६३.१ | | | ख) संघीय सरकारबाट हस्तान्तरित | १९८६५६१९१ | |
| २ | राजस्व (आन्तरीक आय) | | २२०६१८२७८.३ | | ग) प्रदेश सरकारबाट हस्तान्तरित | ० | |
| | क) आन्तरीक राजश्व | ३५६३२२१०.३१ | | २ | पूँजीगत खर्च | | २२६९९५९३७.६ |
| | ख) राजश्व बाडफाड संघिय सरकार | १०६१७३६४१.३ | | | क) नगरपालिका | १७२२५३१४४.१ | |
| | ग) मालपोत बाट प्राप्त | ७२७८४८६० | | | ख) प्रदेश समपुरक अनुदान | ३१८६८०९.१३ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | घ) राजश्व बाडफाड सवारी साधन कर प्रदेश | ४९६८०५६.२६ | | | ग) संघीय सरकाबाट हस्तान्तरित | ४५९०७२८९.३७ | |
| | ङ) रोयल्टी | १०५९५१०.४१ | | | घ) प्रदेश सरकारबाट हस्तान्तरित | ५६४८६९५ | |
| ३ | वितिय हस्तान्तरण संघीय सरकार | | ४७५५७६००० | ३ | कार्यसञ्चालन कोष | | १२४८७९७७.९३ |
| | क) समानीकरण अनुदान | १६०५००००० | | | क) खर्च खाता | ० | |
| | ख) सशर्त अनुदान | ३००९७६००० | | | ख) प्रकोप व्यवस्थापन कोष | १०११६८३.५१ | |
| | ग) समपुरक अनुदान | १४१००००० | | | ग) मर्मत सम्भार कोष (कन्टिजेन्सी समेत) | २१०८२६२.१ | |
| ४ | प्रदेश सरकार बाट प्राप्त अनुदान | | ३५८५१००० | | घ) महिला तथा बालविकास कोष (करुणा फाउण्डेशन) | ३४३१९५९.२१ | |
| | क) समानीकरण अनुदान | ११९६३००० | | | ङ) मानव संशाधन विकास कोष (शिक्षा कोष) | १७०६०४ | |
| | ख) सशर्त अनुदान | १३०५८००० | | ४ | धरौटी खर्च | ५७६५४६९.११ | |
| | ग) समपुरक अनुदान | १०००००००‌ | | ५ | सामाजिक सुरक्षा तथा संरक्षण | | १९१०७८६८८ |
| | घ) विशेष अनुदान | ७७५००० | | ६ | एकिकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम | | ९११२४२५ |
| ५ | ङ) समानीकरण | ५५००० | | ७ | बैक मैज्दात | | २८९१८६६२९.५ |
| | अन्य विविध आय | | ३६४२४६१ | | धरौटी बैक मौज्दात | ६३२७११५.९६ | |
| | क) करुणा फाउण्डेसन | | | | संचित कोष बैक मौजदात | १८९३७४७००.८ | |
| | ख) आकस्मिक कोष खाता | ३४६२८६१.१८ | | | ग २.७ विविध खर्च खाता | १२००० | |
| ६ | ग) शिक्षा विविध कोष | १७९६०० | | | ग.५.१ स्थानीय तह विविध कोष खाता | ६१२०७०४.९८ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७ | सामाजिक सुरक्षा तथा संरक्षण | | १९१०७८६८८ | | ग.७.२ स्थानीय तह प्रकोप व्यवस्थापन कोष | २४५११७७.६७ | |
| ८ | एकिकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम | | ९११२४२५ | | ग ७.१ स्थानीय तह आकस्मिक कोष | ७०५५५८.४१ | |
| | | | | | पुजिगत खर्च खाता | ९९६०६ | |
| ९ | धरौटी खर्च खाता | १२०९२५८५.०७ | १२०९२५८५.०७ | | चालु खर्च खाता | १०७०७.१८ | |
| | | | | | प्रदेश तथा संघिय फिर्ता | ८४०८५०५८.५४ | |
| | जम्मा | | १०७४००५४०० | | जम्मा | | १०७४००५४०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६ | | | **वित्तिय विवरण**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः | |
| ६.१ | | | पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सूत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सूत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. १९१०७८६८८ र एकिकृत स्वास्थ्य पूर्वाधार तर्फ रु. ९११२४२५ गरी जम्मा रु. २००१९१११३ सूत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सूत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सूत्रमार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |
| ६.२ | | | यस पालिकाले सूत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु. १०५१८४९१, यस वर्षको प्राप्ति रु. २१०६२६८८९ ,यस वर्षको भुक्तानी रु. ४८४५९३२६६ र बैङ्क मौज्दात रु. २६८१३९२१ फरक परेको छ । सूत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ । | |

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सूत्र अनुसारको वार्षिक प्रतिवेदन ( म.ले.प.फा.नं.२७२ ) | १३६५५२४५४ | ७३७३४४५४८ | ५६३४१२०३७ | ३१६०००५५० |
| एकीकृत आर्थिक विवरणअनुसार | १२६०३३९६३ | ९४७९७१४३७ | ७८८१८७७१ | २८९१८६६२९ |
| फरक | १०५१८४९१ | २१०६२६८८९ | ४८४५९३२६६ | २६८१३९२१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६.३ | | | स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी यकिन गर्नुपर्दछ । पालिकाको गत वर्षको अन्तिम लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार सञ्चित कोषमा समेत रु. १०७०५४८०१ मौज्दात रहेकोमा यो वर्ष सञ्चित कोष समेत रु. १३६५५२४५४ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. २९४९७६५३ बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्दछ । | |
| ६.४ | | | स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैंक खाताको हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन हुनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (see nested table below) | |
| ६.५ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ । आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खातामा रु. १०७०७, पूँजीगत खातामा रु. ९९६०६ मौज्दात रहेको पाइयो । तोकिएको समयमा सो रकम सञ्चित कोषमा स्थानान्तरण गरी हिसाब मिलान गर्नुपर्दछ । | |
| ६.६ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले देहाय अनुसारको कारोबार तथा बैंक मौज्दात रहेको खाता तथा कोषहरुलाई सूत्रमा प्रविष्ट गरेको देखिदैंन । जसबाट पालिकाले पेश गरेको आर्थिक विवरण तथा स्रेस्तामा उक्त कारोबारहरु समावेश गरिएको देखिदैंन । सूत्रभन्दा बाहिर गरिएको कारोबार सम्बन्धमा यकिन गर्न सकिएन । उल्लेखित कोषहरु सूत्रमा प्रविष्टि गरी अद्यावधिक गर्नुपर्दछ । | |

| खाता | स्रेस्ता अनुसार मौज्दात रु. | बैंक स्टेटमेन्ट अनुसार वर्षान्तको मौज्दात रु. | फरक |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | १५९००८४९३ | १७४८९९९८९ | १५८९१४९६ |
| चालु खर्च खाता | ४५६९५५३३ | ४६९३०७३३ | १२३५२०० |
| पूँजीगत खर्च खाता | १०२६८०९९ | ५४५८१७०३ | ४४३१३६०४ |
| विविध खर्च खाता | ११६०२१८८ | ६१२०७०४ | -५४८१४८४ |
| विपद व्यवस्थापन खाता | २४५११७७ | २४५११७७ | ० |
| ग १.१, आन्तरिक राजस्व खाता | ० | ० | ० |
| जम्मा | २२९०२५४९० | २८४९८४३०६ | ५५९५८८१६ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><th>शिर्षक</th><th>रकम बैंक मौज्दात</th></tr><tr><td>धरौटी खाता</td><td>७२१९६१८</td></tr></table></td><td></td></tr>
<tr><td>७</td><td></td><td></td><td>आन्तरिक नियन्त्रण प्रणाली<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागू गर्नुपर्नेमा लागू गरेको पाइएन । यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन् ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाइएन<br>• पालिकाले २०७७।७८ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ बमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाइएन।<br>• राजस्व संकलन सम्बन्धमा सूचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यमकालीन खर्चको संरचना तयार गरेको पाइएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा नगरपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाइएन ।<br>• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाइएन ।<br>• पालिकामा PAMS लागू भए तापनि सबै मालसामानहरु PAMS मा अद्यावधिक नगर्ने हुँदा पालिकाको वास्तविक रुपमा रहेको जिन्सी सामानको मौज्दात बारे यकिन गर्न नसकिने हुँदा खरिद गरिएको मालसामानहरु PAMS मा इन्ट्री गर्नुपर्दछ ।<br>• जिन्सी निरीक्षण प्रतिवेदन तयार गरी त्यसमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा जिन्सी निरिक्षण प्रतिवेदन तयार गरेको पाइएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ-टीडिएस नगरेको पाइयो।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा केही सामाग्रीको मात्र स्थानीय न्युनतम दररेट तोकेको पाईयो ।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाइएन।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाइएन<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गर्न गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फ बाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाइएन।<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाइएन ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाइएन ।<br>• निजामती सेवा ऐन, २०४९ बमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाइएन ।<br>• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाइएन ।<br>• पालिकाले विद्यालयमा रकम निकासा गर्दा विद्यालयगत निकासा प्रष्ट देखिने गरी खाता राखेको देखिएन ।<br>• वडाहरु र नगरका एकै प्रकृतिका योजना तथा कार्यक्रमहरु विभिन्न अनुगमनकारी निकायका निर्देशन परिपत्र र प्रतिवेदन अनुसार एकीकृत प्याकेज बनाई मितव्ययी, प्रतिस्पर्धी र दक्षतापूर्ण ढङ्गबाट कार्यान्वयन गर्नुपर्नेमा सो बमोजिम गरेको देखिएन ।<br>• स्थनिय तहको आर्थिक कारोवारको लागि म ले नि का बाट स्वीकृत सफ्टवेयर सूत्र (SUTRA) प्रयोग गरी कारोवार संचालन र वित्तीय प्रतिवेदन तयार गरेको पाइयो।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वसनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ८ | | | **बजेट पेश, पारित र अख्तियारीः**<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपप्रमुख श्री सविना कुमार | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>चौधरीले २०७८।३।१० गते रु. ८७३८१४२८७ को बजेट सभा समक्ष पेश गरेकोमा २०७८।३।१५ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।४।७ मा प्रमुख प्रसाशकिय अधिकृतलाई अख्तियारी दिएको पाइयो । कानुनमा उल्लेख भए वमोजिमको समयमा बजेट अनुमान पेश गरी पारित गराई अख्तियारी प्रदान गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>९</td><td></td><td></td><td>चौमासिक खर्चः<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा त्रैमासिक प्रगति विवरण बनाई केन्द्रीय निकाय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश गर्नुपर्ने, केन्द्रीय निकायले त्रैमासिक विवरण तयार गरी अर्थ मन्त्रालय र योजना आयोगमा पठाउनु पर्ने व्यवस्था छ । पालिकाको सुत्र (SuTRA) सफ्टवेयरबाट त्रैमासिक प्रतिवेदन प्राप्त नहुने हुँदा सुत्रमा उपलब्ध हुने चौमासिक खर्च विवरण अनुसार पूँजीगत खर्चको स्थिति देहाय बमोजिम रहेको छ ।
<table>
<tr><th rowspan="2">बजेट शीर्षक</th><th rowspan="2">कुल खर्च रु.</th><th colspan="4">चौमासिक खर्च ( रु .हजारमा )</th></tr>
<tr><th>प्रथम</th><th>दोस्रो</th><th>तेस्रो</th><th>आषाढ महिना</th></tr>
<tr><td>कुल पूँजीगत खर्च</td><td>२२३६४९</td><td>४९६</td><td>३०८७६</td><td>१९२२७५</td><td>८७४१६</td></tr>
<tr><td>खर्चको प्रतिशत</td><td>१००</td><td>०</td><td>१४</td><td>८६</td><td>३९</td></tr>
</table>
<br>प्राप्त विवरणको विश्लेषण गर्दा पूँजीगत खर्चमध्ये तेस्रो चौमासिकमा मात्र कुल खर्चको ८६ प्रतिशत र आषाढ महिनामा मात्र कुल खर्चको ३९ प्रतिशत खर्च भएको देखिन्छ । तेस्रो चौमासिकमा भएको खर्चमध्ये ३९ प्रतिशत खर्च असार महिनामा मात्र खर्च गरी योजना सञ्चालन गर्दा सञ्चालित कार्यक्रम तथा निर्मित संरचनाको गुणस्तर तथा दिगोपनामा समेत प्रभाव पर्न सक्छ । त्यसैले पालिकाले निर्धारीत समयभित्र कार्य सम्पादन गर्नुपर्दछ । विकास निर्माण सबै जसो कार्य आर्थिक वर्षको अन्त्यमा हुनुले वर्षान्तमा हतारमा काम गर्नपर्ने तथा प्राविधिक मूल्याकंन गरी भुक्तानी गर्नुपर्ने देखिएकाले कामको गुणस्तरमा समेत हुन नसक्ने भएकोले वर्षान्तको अन्त्यमा मात्र खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१०</td><td></td><td></td><td>लक्ष्य तथा प्रगति स्थितिः</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७७ को नियम ३५ मा बजेट कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची २ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयारी गरी केन्द्रीय निकाय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने र नियम ३६ मा त्रैमासिम प्रगति प्रतिवेदन प्राप्त भएपछि केन्द्रीय निकायले त्यसको भौतिक र वित्तीय पक्षको कार्यालयगत र केन्द्रीय निकायगत समीक्षा गर्नुपर्ने तथा समीक्षा गर्दा प्रगति कम भएको देखिएमा सोको कारण पहिचान गरी सुधारको लागि चाल्नु पर्ने कदम समेत उल्लेख गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष नियमावलीको व्यवस्था अनुसार सबै कारोबारको भौतिक एवं वित्तिय प्रगति तयार गरेको छैन । अतः पालिकाले वार्षिक लक्ष्य अनुसारको प्रगति हासिल गरे नगरेको बिश्लेषण गर्न सकिएन । | |
| ११ | | | **जिन्सी लगत र संरक्षण**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९४(४) मा उपनियम १ र २ वमोजिम कुनै कर्मचारीको जिम्मामा रहेको सरकारी सम्पत्तिको हिनामिना नहुने गरी लगत स्रेस्तासहित त्यसको संरक्षण गर्ने कर्तव्य त्यस्तो सम्पत्ति जिम्मा लिने कर्मचारी र सम्बन्धीत कार्यालय प्रमुखको हुने व्यवस्था छ । त्यस्तै, नियम ९९(१) मा कार्यालय प्रमुखले लगत खडा गरी अभिलेख राखिएको सम्पत्ति तथा जिन्सी मालसामान के कस्तो अवस्थामा छन् कार्यालय प्रमुखले एक वर्षमा कम्तीमा एक पटक आफैले निरीक्षण गरी वा त्यस्तो मालसामानको अवस्थाको सम्बन्धमा वर्षमा कम्तीमा एक पटक आफैं वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारीको नेतृत्वमा कम्तीमा तीन सदस्यीय समिति गठन गरी सो समितिबाट निरीक्षण गराई महालेखा परीक्षकबाट स्वीकृत ढाँचामा सम्पत्ति तथा जिन्सी निरीक्षण प्रतिवेदन लिनु पर्ने व्यवस्था छ । पालिकाले नियमावली वमोजिम जिन्सी निरीक्षण प्रतिवेदन तयार गरेको पाइएन । सामानको स्पेशिफिकेशन र सम्पूर्ण विवरण खुलाई आम्दानी बाँध्नु पर्नेमा सो नखुलाई आम्दानी बाध्ने गरेको तथा आर्थिक वर्षको अन्त्यमा फाँटवाला र कार्यालय प्रमुखबाट जिन्सी खाता प्रमाणित गरी अद्यावधिक राखेको पाइएन । | |
| १२ | | | **योजना प्राथमिकीकरणः**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिबी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक तथा सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७८।७९ मा निम्नानुसार ९ वडाको लागि वडागत र पालिकास्तरका कुल २६२ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>योजनामा वजेट विनियोजन गरेको छ ।
<table>
<tr><th>क्र. सं.</th><th>कार्यक्रमको नाम</th><th>योजना सङ्ख्या</th><th>रु. २० लाख माथिका योजना सङ्ख्या</th><th>रु. ५ लाखदेखि २० लाखसम्मका योजना सङ्ख्या</th><th>रु. ५ लाखभन्दा कमका योजना सङ्ख्या</th></tr>
<tr><td>१</td><td>पालिकास्तरीय</td><td>६९</td><td>३</td><td>४९</td><td>१७</td></tr>
<tr><td>२</td><td>वडास्तरीय</td><td>१९३</td><td>४</td><td>४९</td><td>१४०</td></tr>
</table></td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>तलब प्रतिवेदन<br><br>निजामती सेवा ऐन २०४९, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई पालिकाका चालुतर्फ कर्मचारीको रु.२८२४०६६२ खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>विद्यालयगत निकासा रजिस्टर्ड<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने तथा नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पष्ट विवरण खुल्ने गरी यथार्थ विवरण अभिलेख राख्नु पर्नेमा निकासा अभिलेख राखेको छैन । जसबाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनुपर्ने र भुक्तानी दिएकोबारे यथार्थ विवरण प्राप्त गर्न कठीन हुने भएकोले विद्यालयगत निकासा रजिस्टर्ड खाता अद्यावधिक राख्नुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५ | | | **सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) अनुसार सम्बन्धित स्थानीय निकायले सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर स्थितीको नियमित अनुगमन गरी एक प्रति प्रतिवेदन शिक्षा तथा मानव स्रोत केन्द्रमा पठाउने र सोको कार्यान्यिन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने व्यवस्था छ । पालिकाले आ. व. २०७८।७९ मा विद्यालयहरुको शैक्षिक गुणस्तरको अनुगमन गरेको प्रतिवेदन कार्यालयसंग देखिएन । नगरपालिकाले आफ्नो अन्तर्गतका विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| १६ | | | **विद्यालयको नियमन**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२) मा सर्वसामान्यतामा असर नपर्ने गरी पालिकाको काम कर्तब्य अधिकारको खण्ड(ज) (२१) मा सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सो को बजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन सम्बन्धी कानुनी व्यवस्था रहेको छ । पालिकाले यस स्थानीय तह अन्तर्गतका समुदायिक विद्यालयले विद्यालय लेखा दिग्दर्शन बमोजिम नगदी तथा जिन्सीको लेखा राखे नराखेको, कट्टी गरेको कर राजश्व खातामा दाखिला गरे नगरेको, कट्टी गरेको नागरिक लगानी कोष, कर्मचारी सञ्चयकोष सम्बन्धित खातामा दाखिला भए नभएको, विद्यालय लेखापरीक्षणबाट देखीएको बेरुजु फछ्यौट गरे नगरेको र नेपाल सरकारको २०७५।३।३२ को निर्णय बमोजिम विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारी पारीश्रमिक सुबिधा अनिबार्य रुपमा बैंक खाता मार्फत भुक्तानी भए नभएको नियमन गरी प्रतिवेदन गरेको देखिएन । | |
| १७ | | | **निजी लगानीका विद्यालयको छात्रवृत्ती**<br><br>अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा २७ को उपदफा (३) मा प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि यो ऐन प्रारम्भ भए पछि निजी लगानीका विद्यालय र सार्वजनिक शैक्षिक गुठी अन्तरगत सञ्चालन गरेका सो विद्यालयका विद्यार्थी संख्याको आधारमा विद्यालयले प्रारम्भिक वालविकास कक्षा देखि बाह्र कक्षा सम्मका कुल विद्यार्थी संख्याको देहाय बमोजिम विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ ।<br><br>विद्यार्थी संख्या \| निःशुल्क शिक्षाका लागि | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | <table><tr><td></td><td>आरक्षण संख्या</td></tr><tr><td>५०० जना सम्म</td><td>कम्तिमा १० प्रतिशत</td></tr><tr><td>५०० जना देखि ८०० जना सम्म</td><td>कम्तिमा १२ प्रतिशत</td></tr><tr><td>८०० जना भन्दा बढी</td><td>कम्तिमा १५ प्रतिशत</td></tr></table><br>यस पालिका क्षेत्रभित्र निजी लगानीमा सञ्चालित विद्यालयहरुले कानुनमा व्यवस्था भए बमोजिम निःशुल्क शिक्षाका लागि आरक्षण व्यवस्था गरेको विवरण पेश भएन । आगामी दिनमा पालिकाले कानुनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| १८ | | | **भ्रमण अभिलेख तथा प्रतिवेदन**<br><br>भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूची–६ वमोजिमको ढाँचामा भ्रमण अभिलेख राखुपर्नेमा विभिन्न कर्मचारीले विभिन्न स्थानमा भ्रमण गरेको भ्रमण आदेश र भ्रमण विल अनुसार खर्च लेखेकोमा भ्रमण अभिलेख राखेको छैन । साथै तेरिज तयार नगरी एउटै गोश्वरा भौचरबाट अनुगमन तथा मुल्याङ्कन, सरुवा तथा भ्रमण भत्ता एकमुष्ट भ्रमण प्रतिवेदन बेगर खर्च लेखेको छ । यसबाट अनुगमन तथा मुल्याङ्कन कार्यक्रम प्रभावकारी भयो भन्ने आधार भएन । तसर्थ नियमावलीमा उल्लेख भएवमोजिम भ्रमण अभिलेख तथा भ्रमण प्रतिवेदन राखेर मात्र भ्रमण खर्च लेखुपर्दछ । | |
| १९ | | | **आर्थिक सहायता**<br><br>पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। तर पालिकाले यो वर्ष मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु.१९७००० आर्थिक सहायता वितरण गरेको छ । वितरित सहायताको औचित्य पुष्टयाई गरेको छैन । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ । | |
| २० | | | **खाना तथा विविध खर्च** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा निर्धारित बजेट एवं आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष नगरपालिका चालु शीर्षकबाट खाना तथा विविधतर्फ रु. १२,३०,३२० खर्च गरेको छ । साथै पालिकाले ९ वटै वडाहरुमा समेत विविध खर्च गरेको पाइयो । यस्तो खर्च लेख्दा पुष्ट्याई गर्ने आवश्यक कागजात संलग्न गरी ऐनको पालना गर्दै खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ । | |
| २१ | | | **धरौटीतर्फः** | |
| २१.१ | | | **धरौटी अभिलेख-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६६(२) मा धरौटी फिर्ता लिनको लागि प्रचलित कानुनमा अवधि तोकिएकोमा सोही अवधिभित्र र अवधि नतोकिएकोमा जुन कामको लागि धरौटी राखिएको हो सो काम समाप्त भएको मितिले एक वर्षभित्र धरौटी रकम जम्मा गरेको प्रमाणसहित सम्बन्धित व्यक्तिले धरौटी जम्मा गरेको कार्यलयमा निवेदन दिनुपर्ने, नियम ३७(२) मा एक वर्षसम्म सम्बन्धित व्यक्ति फिर्ता माग्न नआएमा एक वर्ष पुगेपछि त्यस्तो धरौटी रकम फिर्ता लिन आउनु भनी त्यस्तो निकायले पन्ध्र दिनको म्याद दिई कुनै राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गर्ने र उक्त म्यादभित्र त्यस्तो धरौटी रकम फिर्ता लिन नआएमा राजस्व खातामा जम्मा गरी हिसाब मिलान गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस आर्थिक वर्षमा धरौटीसम्बन्धी कारोबार सूत्र (SuTRA) प्रणालीमा नगरी सांग्रिला सफ्टवेयरबाट गर्ने गरेको तर सफ्टवेयरमा व्यक्तिगत धरौटी खाता अद्यावधिक नरहेको पाइयो । पालिकाको धरौटी बैंक विवरण अनुसार आर्थिक वर्षको अन्त्यमा रु. ६३,२७,११५.९६ बाँकी रहेको छ । पालिकामा रहेको धरौटी बाँकी बैंक मौज्दातको व्यक्तिगत धरौटी खाता अद्यावधिक गर्ने र कानुनमा भएको व्यवस्था बमोजिम प्रकृया पुर्याई फिर्ता गर्नुपर्ने अन्यथा नियमानुसार राजस्व खातामा जम्मा गरी हिसाब मिलान गर्नुपर्दछ । | |
| २१.२ | | | **धरौटी फिर्ता-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ मा कट्टा गरिएको धरौटी रकम आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेश गरे पछि भुक्तानी दिनु पर्ने भन्ने व्यवस्था छ । कार्यालयले तपशिल बमोजिमका फर्महरूलाई कर समायोजन गरेको कागजात बेगर धरौटी रकम भुक्तानी गरेको हुँदा कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु. | २,२१४,२७४ |

| गो. भौ . नं . र मिति | विवरण | रकम रू. |
|---|---|---|
| ३५/ ०७८।०८।१९ | कृष्ण ग्रिल एण्ड इन्जिनियरिङ वर्क्स प्रा. लि . ( ६२१४७२११० ) | १८२२१८ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३७/ ०७८।०८।२२</td><td>न्यु सागर निर्माण सेवा ( ३००३९४२८७ )</td><td>४४४५२६</td></tr>
<tr><td>४४/ ०७८।९।१</td><td>सोलार कन्स्ट्रक्शन एण्ड एनर्जी प्रा. लि . ( ६००८८४७४१ )</td><td>५३५६२</td></tr>
<tr><td>५२/ ०७८।९।११</td><td>ए. वि . रात देउ निर्माण सेवा ( ६१०८३४१९६ )</td><td>४८८६२९</td></tr>
<tr><td>५६/ ०७८।९।१३</td><td>शाह निर्माण सेवा ( ३०००१८२६० )</td><td>६११८४८</td></tr>
<tr><td>५८/ ०७८।९।१४</td><td>बलराम निर्माण सेवा ( ६०५०५४०५५ )</td><td>१३३३९५</td></tr>
<tr><td>६२/ ०७८।१०।६</td><td>प्रचवी विल्डर्स ( ३०५२२५७१५ )</td><td>२०००१९</td></tr>
<tr><td>९१/ ०७९।३।२०</td><td>अरुण कन्स्ट्रक्शन ( ३०००१९६०७ )</td><td>१०००७७</td></tr>
<tr><td colspan="2">जम्मा रु.</td><td>२२१४२४७</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>
पेश्की बाँकी<br><br>
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस आर्थिक वर्षमा देहायका विभिन्न कार्यक्रममा पेश्की दिएकोमा वर्षान्तसम्म पनि पेश्की फछ्र्यौट नगरी म्याद समेत समाप्त भएकोले उक्त पेश्की असुल फछ्र्यौट हुनुपर्ने रु.
<table>
<tr><th>सि नं</th><th>विवरण</th><th>पेश्की लिनेको नाम</th><th>म्याद ननाघेको</th><th>म्याद नाघेको</th></tr>
<tr><td>१</td><td>रामधुनी आदर्श विद्यालय संचालन अनुदान</td><td>शरामधुनी आदर्श विद्यालय रामधुनी ५ सुनसरी</td><td>९०००००</td><td>०</td></tr>
<tr><td>२</td><td>ठुलेमोहर आ.वि. लाई घेराबेरा</td><td>ठुलेमोहर आधारभुत विद्यालय रामधुनी ८</td><td>०</td><td>५००००</td></tr>
</table>
</td><td>३,३५२,५३८</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>

| | | | | |
|---|---|---|---|---|
| ३ | रामधुनी आदर्श विद्यालय संचालन अनुदान | रामधुनी आदर्श विद्यालय , रामधुनी-५ सुनसरी | ९००००० | ० |
| ४ | अर सि सि ढलान मोहनपुर सानो बाटोहरु | आर.सि.सि.ढलान उपभोक्ता समिति रामधुनि -१ मोहनपुर | १२०००० | ० |
| ५ | वडा न.४ भरिको बाटोहरु कृषि सडक तथा अन्य सडकहरुमा माटो तथा ग्रावेल | मिलान शान्ति टोल नाल निर्माण उपभोक्ता समिति | ९६००० | ० |
| ६ | साविक डुम्राहा हटिया छेउमा हरियाली टोलमा रहेको ग्रामथान मन्दिर जिर्णेद्धार निर्माण | ग्रामथान मन्दिर जिर्णेद्धार निर्माण उपभोक्ता समिति रामधुनि -८ , सुनसरी | ० | ५०००० |
| ७ | विधुत पाेल व्यस्थापन तथा सडक वती | विधुत पाेल व्यवस्थापन तथा सडक वति उपभोक्ता समिति रामधुनी -८ , सुनसरी | ० | ३६०००० |
| ८ | जय शम्भु शिवालय मन्दिरको भवन निर्माण डा नं ७ मा | जय शम्भु शिवालय मन्दिर निर्माण याेजना रामधुनी ७ बक्लाैरी सुनसरी | ० | ६०००० |
| ९ | आधारभुत स्वास्थ्य केन्द्र निर्माण सुधार | आधारभूत स्वास्थ्य केन्द्र सुधार उपभोक्ता समिति रामधुनी -९ , सितपुर , सुनसरी | १०२८०० | ० |
| ११ | सिचाइ बोरिङ जडान | सिचाई बोरिङ जडान उपभोक्ता समिति रामधुनी -८ , सुनसरी | ० | ७२००० |
| १३ | कोभिड अस्पताल निर्माण तथा संचालन अनुदान | कोभिड अस्पताल निर्माण उपभोक्ता समिति | २००००० | ० |

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| १४ | मानपुरमा फलामै पुल निर्माण | पुल निर्माण उपभोक्ता समिति रामधुनी -४ , राधाकृष्ण टोल सुनसरी | ० | १२०००० |
| १५ | पुतोधारा खोलामा पुल निर्माण | पुधारा खोला पुल निर्माण उ.स.रामधुनी न.पा.-८ | ० | ७२०००० |
| १६ | खानेपानी शहरी विकास साझेदारी कार्यक्रम | झुम्का खानेपानी तथा सरसफाइ मूल उपभोक्ता समिति रामधुनी न पा ३ झुम्का सुनसरी | ७०००००० | ० |
| १७ | शंकरब्ली सिमसार क्षेत्रमा कटेज निमार्ण वडा नं ६ | शंकरबेली पर्यटन विकास समिति रामधुनी न पा ६ सुनसरी | ० | ७२००० |
| १९ | ब्यडमिण्टन हल निर्माण वडा नं. ३ | बहुउदेश्यीय भवन (हाटखोला) निर्माण उपभोक्ता समिति रामधुनी न.पा.-३ हाटखोला , सिगिया , सुनसरी | ० | ३७०००० |
| २० | खद्रा खोला कल्भर्ट पुर्ननिर्माण | खद्राखोला पुल निर्माण उपभोक्ता समिति रामधुनी -८ , सुनसरी | ० | १८८४०० |
| २१ | सडक मर्मत सम्भार | सडक मर्मत सम्भार निर्माण उपभोक्ता समिति रामधुनी -८ सुनसरी | ० | २१६००० |
| २२ | भासी स्वास्थ्य चौकीमा आँखा सेवा संचालनको लागि टहरा निर्माण | श्री भा.सि.स्वास्थ्य चौकी व्यवस्थापन समिति | ० | ७०००० |
| २४ | ४ न. वडा कार्यलय भवन भित्र अधुरा कम हरु पुरा गर्न | ४ नं. वडा कार्यालय भवन उपभोक्ता समिति रामधुनी -४ , सुनसरी | ० | ८०००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | २५ | उरावटोल मोहोर एजिङ | उरावटोल मोहर नाला निर्माण उपभोक्ता समिति रामधुनि -८ , सुनसरि | १२०००० | ० | |
| | | | २६ | गोल चोक स्तम्भ निर्माण वडा नं. ८ | गोलचौक स्तम्भ निर्माण उपभोक्ता समिति रामधुनी -८ , सुनसरी | ६०००० | ० | |
| | | | २७ | संचार महसुल | वसन्ती कुमारी मोची | २०००० | ० | |
| | | | २८ | उन्नत वीउ उपयोग अनुगमन निरिक्षण एवं वैठक सञ्चालन | दुर्गा देवी सापकोटा | १००००० | ० | |
| | | | २९ | भ्रमण खर्च | मदन कुमार लामा तामाङ्ग | २०००० | ० | |
| | | | ३० | बालश्रम मुक्त नगर घोषणा कार्यक्रम | हर्ष लाल चौधरी | ० | ११०५३८ | |
| | | | ३१ | अन्तर पुस्ता सम्बाद कार्यक्रम | हर्ष लाल चौधरी | ० | १२००० | |
| | | | ३२ | नगरसभा सदस्य तथा कर्मचारीको क्षमता अभिवृद्धि र असल अभ्यास सिकाईको लागि अध्ययन अवलोकन भ्रमण | हर्ष लाल चौधरी | ० | १००००० | |
| | | | ३३ | विश्व वातावरण दिवस , चर्पी दिवस र हात धुने दिवस | टिका राम चौधरी | ३०००० | ० | |
| | | | ३४ | विद्यालय स्तरीय कराते प्रतियोगिता संचालन र नगर स्तरीय कराते | राजन कुमार गेलाल | ० | २००००० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| | प्रतियोगिता | | | |
| ३५ | विद्यालय स्तरीय कराते प्रतियोगिता संचालन र नगर स्तरीय कराते प्रतियोगिता | राजन कुमार गेलाल | ० | १८६००० |
| ३६ | बाल शिक्षकहरुको मासिक बैठक संचालन र तालिम | राजन कुमार गेलाल | ० | १६०१०० |
| ३७ | विद्यालयका कर्मचारीहरुलाई २ दिने लेखा सम्बन्धी अभिमुखीकरण | राजन कुमार गेलाल | ० | ५०००० |
| ३८ | शैक्षिक गुणस्तर ब्रिधि गर्न प्र.अ./वि.व्य.स.सँग अन्तरक्रिया | राजन कुमार गेलाल | ० | ५०००० |
| ३९ | खानेपानी सरसफाई तथा साझेदारी कार्यक्रम | टिका राम चौधरी | ० | २७५०० |
| ४० | बिमा तथा नवीकरण खर्च | निरज चौधरी | ० | २८००० |
| जम्मा रु. | | | ९६६८८०० | ३३५२५३८ |

| | | | | |
|---|---|---|---|---|
| २३ | | | **आन्तरिक राजस्वतर्फः** | |
| २३.१ | | | **आन्तरिक राजस्व व्यवस्थापन प्रणालीः** पालिकाले आन्तरिक राजश्व संकलनका लागि सांग्रिला सफ्टवेयरको प्रयोग गरेको छ । उक्त सफ्टवेयरको शीर्षकगत आवधिक आय संकलन विवरण अनुसार पालिकाले यस आर्थिक वर्षमा विभिन्न राजस्व शीर्षकबाट आम्दानी असुली रु. २,८२,६६,२९४.२४ भएको देखिन्छ । यससम्बन्धमा देखिएका अन्य व्यहोराहरू देहायबमोजम रहेका छन्-<br><br>• पालिका र अन्तर्गतका वडाहरूले सफ्टवेयरमार्फत संकलन गरेको राजस्व रकम बैंक दाखिला गरी सूत्रमा मात्र आम्दानी | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | बाँधिएको तर उक्त दाखिला विवरणलाई सफ्टवेयरमा प्रविष्टी नगरिएको हुँदा दाखिला रकम शून्य देखाएको ।<br>• सफ्टवेयरमा विनियोजन ऐनले निर्धारण गरेका करका दरहरू नराखी म्यानुअल राख्ने गरेको ।<br>• आन्तरिक राजश्वको ठेक्का लगाउँदा राजश्व परामर्श समितिको निर्णय नरहेको ।<br>• सफ्टवेयरबाट संकलन भएको राजश्व बैंक जम्मा गरी सूत्रमा आम्दानी बाँधिएकोमा पालिका र अन्तर्गतका ९ वटा वडाले संकलन गरेको राजश्व रकम छुट्टै छुट्टै देखिने गरी आम्दानी नबाँधिएको ।<br>• पालिका तथा अन्तर्गत वडाले सफ्टवेयरबाट संकलन गरेको राजश्व रकम सोही दिन वा भोलिपल्ट कार्यालय समय खुल्न बितिकै बैंक जम्मा हुने नगरेको ।<br><br>पालिकाको राजश्व अभिलेखमा दर्ता भए अनुसार एकिकृत सम्पति कर र व्यावसाय कर नउठ्नुको बारेमा जानकारी राख्दा अभिलेखमा भएका कतिपय करदाताहरूको विवरण सहि नभएको, कतिले व्यवसाय बन्द गरेको र कतिपयले घर बेचबिखन गरेको आदि कारण रहेको जवाफ प्राप्त भएको हुँदा पालिकाले करदाताको तथ्याकं अद्यावधिक नरहेको पाइयो । | |
| २३.२ | | | **एकिकृत सम्पत्ति कर-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा **५५** मा पालिकाले २०७५ साल साउन १ गतेदेखि आफ्नो अधिकारक्षेत्रभित्र एकिकृत सम्पत्ति कर लगाउन पाउने व्यवस्था रहेको छ । पालिकाको राजस्व व्यवस्थापन प्रणाली (सफ्टवेयर) को प्रतिवेदन अनुसार यस आर्थिक वर्षमा पालिकाभित्र कुल करदाता संख्या ६३१२५ मध्ये एकिकृत सम्पत्ति कर नबुझाउने संख्या ३२११७ रहेको छ । पालिकाले सम्पत्ति कर रु. २,४९,६५,१५०.९८ र भुमिकर/मालपोत रु. ६१,६१,२३७.२४ गरी जम्मा रु. ३,११,२६,३८८.२२ उठाएको छ भने बाँकी करदाताबाट के कति बक्यौता कर रकम उठ्न बाँकी रहेको प्रतिवेदनमा नखुल्ने हुँदा आगामी दिनमा सफ्टवेयरमा समेत परिमार्जन गर्ने र सफ्टवेयरको प्रतिवेदन अनुसार संस्था/व्यक्तिहरूबाट सम्पत्ति करमा जरिवाना रु. २,४०,२७३/- समेत लागेको हुँदा उठ्न बाँकी करदाताहरूबाट समयमा नै कर बुझाउन बाँकी सेवाग्राहीहरूसँग समयमा नै कर उठाई आन्तरिक राजस्व बढाउनेतर्फ पालिकाले ध्यान दिनुपर्दछ । | |
| २३.३ | | | **व्यवसाय कर-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो अधिकारक्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा व्यवसाय कर लगाउने व्यवस्था रहेको छ । पालिकाको राजस्व व्यवस्थापन प्रणाली (सफ्टवेयर) को प्रतिवेदन अनुसार यस आर्थिक वर्षमा पालिकाभित्र व्यवसाय दर्ता गर्ने कुल व्यवसायीको संख्या ३०२ रहेकोमा अधिकांश व्यवसायीहरूले तोकिएको समयमा व्यवसाय कर नतिरेको देखिन्छ । पालिकाले यो राजस्व शीर्षकमा जम्मा रकम रु. २५,०७,२१०.८४ उठाएको छ भने पालिकाको सफ्टवेयरमा व्यवसाय कर नतिर्ने व्यवसायीहरूको नमूना परीक्षण गर्दा देहायका | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

व्यवसायीहरूले व्यवसाय कर तिर्न बाँकी रहेको देखिन्छ । पालिकाले कर बुझाउन बाँकी सेवाग्राहीहरूसँग समयमा नै कर उठाई आन्तरिक राजस्व बढाउनेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

| सि. नं . | करदाता संकेत नं. | व्यवसायको विवरण | तिर्न बाँकी रकम रु. |
|---|---|---|---|
| १ | ०४- २९ - ००१६ | श्याम बाबा राईस एण्ड फ्लोर मिल प्रा. लि . | ८०९५४ |
| २ | ०४- ३१ - ००७२ | सुगम रोजिन टर्पेन्टाइन एण्ड हर्वल प्रा. लि . | ७५४६४ |
| ३ | ०२- ९९ - ००२५ | आइएमइ मोर्टस प्रा. लि . | ५०००० |
| ४ | ००- ३० - ००११ | लक्ष्मण राई | ५०००० |
| ५ | ०७- २२ - ०१३८ | निरा देवी कर्मचार्य | ४०००० |
| ६ | ०२- ०६ - ००३३ | कृष्ण प्रसाद सुवेदी समेत | ४०००० |
| ७ | ०२- ३१ - ९०४८ | सत्यनारायण चौधरी समेत | ४०००० |
| ८ | ०४- ३१ - ००२७ | सुगम ग्यास उद्योग | ४०००० |
| ९ | १०००००९८७० | फौदसिंह थापा | ४०००० |
| १० | ०४- ३१ - ८०८३ | सुस्मा प्रधान समेत | २५००० |
| जम्मा रु. | | | ४८१४१८ |

त्यस्तै, यसरी व्यवसाय कर नतिर्नुको बारेमा बुझ्दा पालिकाको सफ्टवेयरमा पहिचान नखुलेका कतिपय व्यवसायहरुको विवरण समेत रहेको भनी राजस्व महाशाखाबाट प्रतिक्रिया प्राप्त भएको हुँदा वास्तविक व्यवसायीको पहिचान गरी सफ्टवेयरमा समेत विवरण अद्यावधिक गर्नुपर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २३.४ | | | **आय ठेक्कामा मूल्य अभिवृद्धि कर-** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को १५(३) मा मूल्य अभिवृद्धि कर लाग्ने वस्तुको बिक्री गर्दा मूल्य अभिवृद्धि कर असुल गरी बेदर्तावालाबाट सङ्कलन गरिने राजस्व शीर्षक नं.३३११७ मा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायको आय ठेक्का लगाउँदा असुल गरेको भ्याटसहितको राजस्व रकममध्ये मूल्य अभिवृद्धि करको रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु. | १६८,९०९ |

| सि. नं . | ठेक्काको विवरण | कवोल अंक रु. | मु. अ . कर रु . |
|---|---|---|---|
| १ | रामधुनी १ र ५ मा लाग्ने शनिबारे बुधबारे साप्ताहिक हटिया र दैनिक गुद्री बजार | ११२८२०० | १२९७९३ |
| २ | रामधुनी ६ बक्लौरीमा लाग्ने आइतबारे साप्ताहिक हटिया तथा दैनिक गुद्री बजार | ९०००० | १०३५४ |
| ३ | रानीपोखरी ठेक्कामध्ये यस आर्थिक वर्षको आम्दानी | २५०००० | २८७६२ |
| जम्मा रु. | | | १६८९०९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २४ | | | **अग्रीम कर कट्टी**<br><br>आयकर ऐन, २०५८ को दफा ८७, ८८, ८९ अनुसार भएको कारोबारको भुक्तानी गर्नुपूर्व कर कट्टी गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका व्यक्ति तथा फर्मलाई खर्च भुक्तानी गर्दा कम कर कट्टी गरेको पाइयो । अतः देहायका व्यक्ति तथा फर्मबाट कम कट्टी भएको कर बापत लाग्ने रकम असुल गरी दाखिला गर्नुपर्ने रु. | २९,६७५ |

| भौ.नं. र मिति | व्यक्ति/फर्मको नाम | भुक्तानी रकम | कट्टी हुनुपर्ने कर | कट्टी भएको कर | बाँकी कर |
|---|---|---|---|---|---|

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (see nested table below) | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५३४-०७८/१२/८ | शुभ लक्ष्मी टेन्ट हाउस एण्ड क्याटरिङ्ग सेवा | ३८५०० | ३८५० | ५७७ | ३२७३ |
| ५७८-०७८/१२/२१ | कुशाहा खाद विज भण्डार देवानगंज | २००००० | ३००० | १५०० | १५०० |
| ५८३-०७८/१२/२१ | शाखा अधिकृत राजन कुमार गेलाल | १५९००० | २५३५० | २०५०० | ४८५० |
| ६८३-०७८/१२/३० | कुशाहा खाद विज भण्डार देवानगंज | ४५०००० | ६७५० | ३३७५ | ३३७५ |
| ८२५-०७९/२/९ | वडा नं ३ को जुत्ता तथा व्याग बनाउन तालिम | ८००० | १२००० | ० | १२०० |
| ९३३-०७९/३/२ | विधिन्न दुग्ध संस्थालाई अनुदान | ७१३३४ | १०७७ | ० | १०७७ |
| १२३७-०७९/३/२५ | भरत मेशिनरी पाटर्स (५०% अनुदनमा पावर टिलर वितरण) | २४०००० | ३६०० | १८०० | १८०० |
| १२३१-०७९/३/२५ | भरत मेशिनरी पाटर्स (५०% अनुदनमा पावर टिलर वितरण) | २४०००० | ३६०० | १८०० | १८०० |
| १२३५-०७९/३/२५ | भरत मेशिनरी पाटर्स (५०% अनुदनमा पावर टिलर वितरण) | २४०००० | ३६०० | १८०० | १८०० |
| १२५२-०७९/३/२५ | भरत मेशिनरी पाटर्स (५०% अनुदनमा मिनिटिल टिलर वितरण) | १२००००० | १८००० | ९००० | ९००० |
| जम्मा रु. | | | | | २९६७५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २५ | | | **महंगी भत्ता** | ७४४,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सामान्य प्रशासन मन्त्रालयको चलानी नं २१७ मिति २०७४/०१/२५ मा जारी गरेको परिपत्रमा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७४/०१/२१ को निर्णयानुसार सबै निकायहरुमा एकरुपता कायम हुने गरी स्वीकृत दरबन्दी भित्र करारमा रहेका व्यक्तिहरुलाई मात्र आर्थिक वर्ष २०७४/०७५ बाट लागु हुने गरी कम्तिमा ६ महिना करार सेवा गरेमा सालबसाली रुपमा एक महिनाको आधारभुत पारिश्रमिक बराबरको चाडपर्व खर्च र सालबसाली रुपमा एक पटक चैत्र महिनामा पोशाक भत्ता मात्र पाउने व्यवस्था गरी करार सम्झौता गर्न हुन निर्देशन गरेको छ । त्यसैगरी अर्थ मन्त्रालयको २०७९।१।१५ को परिपत्र अनुसार करार कर्मचारीलाई महङ्गी भत्ता नपाउने व्यहोरा जारी गरीएकोमा महानगरपालिकाले कार्यालय अन्तर्गत कार्यरत रहेका करार तर्फका ३१ जना कर्मचारी सँग करार सम्झौतामा उल्लेख गरी महंगी भत्ता वापत यस वर्ष रु. ७४४०००/- खर्च भुक्तानी गरेको छ । यसरी परिपत्र विपरित करार सम्झौतामा समावेश गरी महंगी भत्ता भुक्तानी दिएको पालिकालाई थप व्ययभार पर्न गएको रु. | |
| २६ | | | **महिला स्वास्थ्य स्वयंसेविकालाई प्रोत्साहन**<br><br>पालिका अन्तर्गत कार्यरत कुनै पनि कर्मचारीलई सुविधा उपलव्ध गराउँदा कार्यविधिको आधारमा सबैलाई समान दरले भुक्तानी गर्नुपर्दछ । पालिका अन्तर्गत ९ वटा वडाहरुमा कार्यरत महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई मासिक रुपमा प्रोत्साहन खर्च वापत यस वर्ष रु. १६६८००० खर्च लेखेको छ । जसमा महिला स्वास्थ्य स्यवंसेविकाहरुलाई मासिक खर्च भुक्तानी गर्दा वडा पिच्छे फरक दरमा भुक्तानी गरेको पाइयो । जसले गर्दा प्रोत्साहन खर्चको दर यकिन भएन भने खर्चमा मितव्ययिता नहुने देखियो । अतः आगामी दिनमा सबै महिला स्वयंसेविकाहरुलाई एकरुपता हुने गरी खर्च उपलव्ध गराउनु पर्दछ । | |

| वडा नं | संख्या | दर | भुक्तानी |
|---|---|---|---|
| १ | ८ | १५०० | १४४००० |
| २ | १२ | १५०० | २१६००० |
| ३ | १२ | १५०० | २१६००० |
| ४ | १० | १५०० | १८०००० |
| ५ | १० | ९०० | १०८००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>६</td><td>१५</td><td>१०००</td><td>१८००००</td></tr>
<tr><td>७</td><td>१५</td><td>१०००</td><td>१८००००</td></tr>
<tr><td>८</td><td>१०</td><td>१५००</td><td>१८००००</td></tr>
<tr><td>९</td><td>११</td><td>२०००</td><td>२६४०००</td></tr>
<tr><td>जम्मा</td><td>१०३</td><td></td><td>१६६८०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२७</td><td></td><td></td><td>कर्मचारी करार<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिइने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा कर्मचारीहरु करारमा राखि रु. १,६५,४९,९९९ खर्च लेखेको छ ।<br>त्यसैगरी सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्ट्रीसियन, चौकिदार, माली, बगैंचे लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद बाहेक इन्जिनियर २, सव इन्जिनियर २, कम्प्युटर अपरेटर २, इलेक्ट्रिसियन १, अमिन २, सहायक कम्प्युटर अपरेटर ६ जना र सहजकर्ता ९ जना गरी २४ जना करार नियुक्ति गरी बर्ष भरीमा रु. ७३३२००० भुक्तानी गरेको अनियमित देखिएको रु.</td><td>७,३३२,०००</td></tr>
<tr><td>२८</td><td></td><td></td><td>अनुगमन भत्ता<br><br>प्रदेश नं. १ अन्तर्गत गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ (पहिलो संशोधन) को दफा ३ को उपदफासँग सम्बन्धी अनुसूची १ र दफा ८ को उपदफा १ अनुसार स्थानीय तहका पदाधिकारी र सदस्यलाई तोकिए बमोजिम मासिक सुविधा उपलब्ध गराउने व्यवस्था छ । जसमा पालिकामा मासिक अनुगमन भत्ता भुक्तानी गर्दा मासिक रुपमा अनुगमन प्रतिवेदन तयार गरी पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष पदाधिकारीहरुलाई अनुगमन भत्ता रु. ९४२००० खर्च लेखेकोमा मासिक अनुगमन</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>प्रतिवेदन तयार गरेको पाइएन । ऐनको पालना गरी पदाधिकारीलाई सुविधा उपलब्ध गराउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२९</td><td></td><td></td><td>पदाधिकारी बैठक भत्ता<br><br>प्रदेश नं. १ अन्तर्गत गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ (पहिलो संशोधन) को दफा ३ को उपदफासँग सम्बन्धी अनुसूची १ मा पालिकाको पदाधिकारीलाई बैठक भत्ता वापत प्रति बैठक रु. १००० का दरले भुक्तानी गर्ने व्यवस्था छ । सोही व्यवस्था अनुसार पालिकाका पदाधिकारीहरुलाई कार्यपालिका तथा वडा समितिको बैठक भत्ता वापतको रकम मासिक सुविधामा समावेश गरी भुक्तानी गरेको पाइयो । लेखापरीक्षणको क्रममा नमूना छनौट गरी परीक्षण गर्दा देहायका पदाधिकारीहरुलाई बैठक भत्ता भुक्तानी भएकोमा बैठकमा उपस्थिति नदेखिएकोले अनुपस्थित दिनको बैठक भत्ता सम्बन्धित पदाधिकारीबाट असुल गर्नुपर्ने रु.
<table>
<tr><th>क्र. सं</th><th>पदाधिकारीको पद र नाम</th><th>अनपस्थित दिन</th><th>खुद भुक्तानी</th></tr>
<tr><td>१</td><td>नगर प्रमुख श्री जय प्रकाश चौधरी</td><td>१</td><td>८५०</td></tr>
<tr><td>२</td><td>उपप्रमुख श्री सविना कुमारी चौधरी</td><td>१</td><td>८५०</td></tr>
<tr><td>३</td><td>वडा अध्यक्ष श्री महेश कुमार चौधरी</td><td>३</td><td>२५५०</td></tr>
<tr><td>४</td><td>वडा अध्यक्ष श्री रामनारायण चौधरी</td><td>१</td><td>८५०</td></tr>
<tr><td>५</td><td>वडा अध्यक्ष श्री राज कुमार चौधरी</td><td>२</td><td>१७००</td></tr>
<tr><td>६</td><td>वडा अध्यक्ष श्री मनेश कुमार चौधरी</td><td>२</td><td>१७००</td></tr>
<tr><td>७</td><td>वडा अध्यक्ष श्री डेगराज फुयाल</td><td>२</td><td>१७००</td></tr>
<tr><td>८</td><td>वडा अध्यक्ष श्री हेम नारायण राजधामी</td><td>२</td><td>१७००</td></tr>
</table></td><td>१७७,६५०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>९</td><td>वडा अध्यक्ष श्री केशव गौतम</td><td>२</td><td>१७००</td></tr>
<tr><td>१०</td><td>वडा अध्यक्ष श्री रुद्र बहादुर बस्नेत</td><td>२</td><td>१७००</td></tr>
<tr><td>११</td><td>वडा अध्यक्ष श्री श्याम चौधरी</td><td>२</td><td>१७००</td></tr>
<tr><td>१२</td><td>कार्यपालिका सदस्य श्री राम करण खर्गा</td><td>१</td><td>८५०</td></tr>
<tr><td>१३</td><td>कार्यपालिका सदस्य श्री लक्ष्मी चौधरी</td><td>२</td><td>१७००</td></tr>
<tr><td>१४</td><td>कार्यपालिका सदस्य श्री सर्मिला देवि विक</td><td>१</td><td>८५०</td></tr>
<tr><td>१५</td><td>कार्यपालिका सदस्य श्री चन्द्र माया विक</td><td>७</td><td>५९५०</td></tr>
<tr><td>१६</td><td>कार्यपालिका सदस्य श्री रिता कुमारी शर्मा</td><td>१</td><td>८५०</td></tr>
<tr><td>१७</td><td>कार्यपालिका सदस्य श्री मिश्रिलाल हरिजन</td><td>२</td><td>१७००</td></tr>
<tr><td>१८</td><td>कार्यपालिका सदस्य श्री कमली मोची</td><td>१</td><td>८५०</td></tr>
<tr><td>१९</td><td>कार्यपालिका सदस्य श्री टिका लक्ष्मी श्रेष्ठ</td><td>१</td><td>८५०</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (see table below) | |

| | | | |
|---|---|---|---|
| २० | वडा सदस्य श्री उमा थरुनी | ८ | ६८०० |
| २१ | वडा सदस्य श्री पार्वति देवि सरदार | ८ | ६८०० |
| २२ | वडा सदस्य श्री देव राज पोखरेल | ८ | ६८०० |
| २३ | वडा सदस्य श्री हरिवंश साहा | ८ | ६८०० |
| २४ | वडा सदस्य श्री राधादेवि बस्नेत | १२ | १०२०० |
| २५ | वडा सदस्य श्री अनन्त राम चौधरी | ९ | ७६५० |
| २६ | वडा सदस्य श्री सुरेश कुमार साह | ११ | ९३५० |
| २७ | वडा सदस्य श्री शोभा मुसहर | ५ | ४२५० |
| २८ | वडा सदस्य श्री नारायण प्रसाद श्रेष्ठ | ३ | २५५० |
| २९ | वडा सदस्य श्री विन्देश कुमार चौधरी | ८ | ६८०० |
| ३० | वडा सदस्य श्री तिलक कुमारी दाहाल | ६ | ५१०० |
| ३१ | वडा सदस्य श्री कमल कार्की | ६ | ५१०० |
| ३२ | वडा सदस्य श्री देवा प्रसाद गेलाल | ६ | ५१०० |
| ३३ | वडा सदस्य श्री लिलि माया मुसहर | १० | ८५०० |
| ३४ | वडा सदस्य श्री हेमा शंकर राई | १० | ८५०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ३५ वडा सदस्य श्री तेलरी देवि खत्वे ३ २५५०<br>३६ वडा सदस्य श्री काशीलाल चौधरी ५ ४२५०<br>३७ वडा सदस्य श्री राजेश कुमार लिम्बु ३ २५५०<br>३८ वडा सदस्य श्री ललकी ३ २५५०<br>३९ वडा सदस्य श्री दुर्गा भट्टराई ९ ७६५०<br>४० वडा सदस्य श्री चन्द्रमान उराउ ८ ६८००<br>४१ वडा सदस्य श्री जगत लाल चौधरी ८ ६८००<br>४२ वडा सदस्य श्री सोनीमाया थरुनी ६ ५१००<br>४३ वडा सदस्य श्री योगेन्द्र बहादुर खड्का ५ ४२५०<br>४४ वडा सदस्य श्री पुष्पलाल चौधरी ५ ४२५०<br>जम्मा १७७६५० | |
| ३० | | | **इन्धन खर्चको मापदण्ड**<br><br>प्रदेश नं. १ सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययीता सम्बन्धी निर्देशिका २०७५ मा सवारी साधानको किसिम, इन्धन खर्च र मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई प्रयोगमा ल्याउनुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष इन्धन (कार्यालय तथा पदाधिकारी प्रयोजन) मा रु. ३०९६२३२ खर्च गरेको छ । साथै पलिकाले ९ वटै वडाहरुमा समेत इन्धन खर्च शीर्षकमा विनियोजन गरी इन्धन खर्च लेखेको छ । पदाधिकारी तथा कर्मचारीलाई मासिक रुपमा दिने इन्धनको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने अभिलेख समेत राखेको पाइएन । इन्धन खर्चलाई मितव्ययी | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | बनाउन इन्धन खर्चको मापदण्ड बनाउने, लग बुक राख्ने र इन्धन प्रयोगको व्यवस्थीत अभिलेख राख्ने व्यवस्था गर्नुपर्दछ । | |
| ३१ | २३३ | २०७८-९-१२ | **सूचना प्रकाशनमा छुट**<br><br>गोरखापत्र संस्थान विज्ञापन संकलन, प्रकाशन, प्रसारण एवं विज्ञापन एजेन्सी सम्बन्धी निर्देशिका, २०७८ को दफा १० को उपदफा २क मा संस्थानका प्रकाशनहरूमा विज्ञापन प्रकाशन गरे बापत २५ प्रतिशत संस्थागत छुट सरकारी तथा निजी क्षेत्रका सम्पूर्ण कार्यालयलाई उपलब्ध हुने व्यवस्था छ । त्यसैगरी, कार्यालयले वर्षभरी प्रकाशन गर्ने विज्ञापनमा बढीभन्दा बढी छुट प्राप्त गर्न सिलबन्दी दरभाउपत्रमार्फत मिडिया एजेन्सीको सूची दर्ता गराई खर्चमा मितव्ययीता कायम गर्न सकिन्छ । तर, पालिकाले सूचना प्रकाशन वापत सोझै वर्णमाला राष्ट्रिय दैनिकलाई रु. ३१३६० र एड कन्सेप्ट काठमाडौलाई रु. १२१०२२ भुक्तानी गर्दा छुट लिएको पाइएन । जसले गर्दा पालिकालाई थप व्ययभार परेको देखिन्छ । आगामी दिनमा कार्यालयले विज्ञापन प्रकाशन गर्दा सरकारी कार्यालयले प्राप्त गर्ने कम्तीमा २५ प्रतिशतसम्मको छुट रकम लिनेतर्फ ध्यान दिनुपर्दछ । | |
| ३२ | | | **वितरण भरपाई**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा सरकारी रकम खर्च गर्दा खर्च पुष्टी गर्ने विल भरपाई तथा प्रमाण कागजात पेश गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई राख्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका सामाग्री खरिद गरेको बिजक मात्र पेश भएको आधारमा रकम भुक्तानी दिएको तर सामाग्री प्रयोग भएको पुष्टि गर्ने प्रमाण संलग्न नरहेको हुँदा वास्तविक रुपमा मालसामान खरिद गरी प्रयोग गरेको भए नभएको यकिन गरी असुल गर्नुपर्ने रु. | ४१४,६०० |

| भौचर नं र मिति | बजेट शीर्षक | सामानको नाम | खरिद गरिएको फर्म | रकम |
|---|---|---|---|---|
| ५७७-०७८/१२/२१ | मकैको वीउ वितरण वडा नं ६ | हाइब्रिड मकैको वीउ (४४ केजी) बाँड्न बाँकी | एग्रोभेट सेन्टर | ३०८०० |
| ५७८-०७८/१२/२१ | धानको वीउ वितरण | धानको वीउ वितरण बाँड्न बाँकी | कुशाहा खाद वीज भण्डार | ९८५०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ११२१-०७९/३/२१ \| संघ संस्था मसलन्द सामाग्रि वितरण \| बालबालिकाको लागि शैक्षिक तथा खेलकुद सामाग्री \| जनकल्याण उपभोक्ता समिति \| ११५०००<br>१२०५-०७९/३/२४ \| उन्नत जातको बाखा तथा बोका वितरण \| १३ बाखा वितरण गर्न बाँकी \| सृजन कृषि फर्म \| १७०३००<br>जम्मा \| ४१४६०० | |
| ३३ | | | **शैक्षिक प्रतिवेदन**<br><br>अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा ३६ को उपदफा (१) मा प्रत्येक पालिकाले सभामा आफ्नो क्षेत्रभित्रका सार्वजनिक तथा निजी विद्यालय र त्यस्ता विद्यालयमा अध्ययन गर्ने वालवालिकाको संख्या, आधारभूत तहमा विद्यालयमा भर्ना भएका वालवालिकाको संख्या, विद्यालय भर्ना भई आधारभूत तहको शिक्षा पुरा गरेका वालवालिका संख्या, विद्यालय भर्ना भई त्यस वर्ष आधारभूत तहको शिक्षा पुरा नगरी विद्यालय छाडेका विद्यार्थीको संख्या, आधारभूत/माध्यमिक शिक्षाको लागि विनियोजित रकम र त्यसको श्रोत र अन्य आवश्यक कुरा सहितको प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था छ । उपदफा (२) मा उपरोक्त अनुसारको प्रतिवेदन जानकारीका लागि शिक्षा सम्बन्धी विषय हेर्ने संघीय र प्रादेशिक मन्त्रालयमा समेत पठाउनुपर्ने उल्लेख छ । पालिकाले कानुनमा व्यवस्था भए वमोजिम प्रतिवेदन पेश गरेको देखिएन । आगामी दिनमा कानुन अनुसारको प्रतिवेदन तयार गर्नुपर्दछ । | |
| ३४ | | | **परम्परागत धार्मिक विद्यालय दर्ता**<br><br>अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा १६ को उपदफा (१) मा परम्परादेखि चलि आएका शिक्षा सम्बन्धी मूल्य, मान्यता, संस्कृति, रीतिरिवाज र अभ्यासको संरक्षण र जगेर्ना गर्न र त्यसलाई समय सापेक्ष परिमार्जन गरी निरन्तरता दिन गुरुकूल, गुम्बा, मदरसा जस्ता संस्था सञ्चालन गरी वालवालिकालाई शिक्षा प्रदान गर्न सक्ने र उपदफा (२) मा त्यसरी शिक्षा प्रदान गर्नका लागि सञ्चालन गरिने गुरुकूल, गुम्बा, मदरसा सम्बन्धित स्थानीय तहमा दर्ता गर्नुपर्ने व्यवस्था छ । यस पालिका क्षेत्रभित्र १ वटा धार्मिक विद्यालय सञ्चालनमा रहेकोमा अनुदान रु. २४१००० प्रदान गरेको भएता पनि दर्ता सम्बन्धी अभिलेख र अनुगमन प्रतिवेदन पेश भएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३५ | | | **दिवा खाजा**<br><br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं २.७.११.१ मा सामुदायिक विद्यालयका प्रारम्भिक बाल विकास देखि कक्षा ५ सम्मा विद्यार्थीलाई दिवा खाजा व्यवस्थापन गर्न आर्थिक वर्षको सुरुमै IEMIS मा समावेश भएका विद्यार्थी संख्यालाई आधार मानेर त्रैमासिक रुपमा अनुदान भुक्तानी गर्ने व्यवस्था छ । जसको लागि स्थानीय तहले प्रधानाध्यापकको बैठकबाट स्थानीय तहभित्रका विद्यायलहरुमा एकरुपता कायम हुने गरी खाजाको मेनु तयार गरी विद्यालयकै कर्मचारी वा अभिभावकबाट वा विद्यालय बाहिरबाट क्यान्टिनको व्यवस्था गरी खाजा खुवाउने व्यवस्था गर्नुपर्ने तथा प्रत्येक त्रैमासिक निकासा गर्दा अगाडि निकासा भएको अनुदानको सदुपयोग भएको सुनिश्चित गर्ने र विद्यालयबाट गरिएको दिवा खाजा कार्यक्रमको स्थानीय तहले निरीक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकामा रहेका २७ सार्वजनिक विद्यालयहरुलाई दिवा खाजा अनुदान रु. ४७२७४७५ निकासा भएकोमा खाजाको मेनु तयार नगरी अधिकांश विद्यालयले नगदै वितरण गरेको भरपाई पेश गरेको तथा पालिकाले अनुगमन गरेको पाइएन । जसले गर्दा कार्यान्वयन पुस्तिकाको पालना भएको नपाइएकोले दिवा खाजा कार्यक्रममा निकासा भएको अनुसारको खर्च यकिन गर्न सकिएन । आगामी दिनमा पुस्तिकाको पालना गरी दिवा खाजा कार्यक्रम संचालन गर्नुपर्दछ । साथै देहायका विद्यालयलाई दिवा खाजा अनुदान निकासा गरेकोमा अनुदान खर्चको विल भरपाई पेश नभएकोले सोको प्रमाण पेश हुनुपर्ने रु. | १७८,४४५ |

| क्र.सं. | विद्यालयको नाम | अदान रकम |
|---|---|---|
| १ | श्री रामजानकी आवि रामधुनी ४ (पेश भई बाँकी रहेको ) | १३२६० |
| २ | श्री वि पि आवि रामधुनी ४ | ३२७०० |
| ३ | श्री रामधुनी मावि रामधुनी ४ ( पेश भई बाँकी रहेको ) | ७६२५ |
| ४ | श्री रामधुनी आवि रामधुनी | १२४८६० |
| जम्मा | | १७८४४५ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३६</td><td></td><td></td><td>बुक कर्नर<br><br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं २.७.१३.३ मा सामुदायिक विद्यालयमा (कक्षा १ देखि ५ सम्म) शिक्षण सिकाई सामाग्री तथा बुक कर्नर व्यवस्थापन प्रति विद्यार्थी रु. १५० का दरले अनुदान वितरण गर्ने व्यवस्था छ । सोही व्यवस्था अनुसार यस वर्ष पालिकामा रहेका १३ वटा प्राथमिक विद्यालयहरुलाई शिक्षण सिकाई सामाग्री तथा बुक कर्नर व्यवस्थापनको लागि रु. ३२७४५० अनुदान वितरण गरेको छ । कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार विद्यालयहरुले शिक्षण सिकाई सामाग्री मात्रै खरिद गरेको र अधिकांश विद्यालयले बुक कर्नर निर्माण गरेको पाइएन । आगामी दिनमा कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार विद्यालयहरुले बुक कर्नर निर्माण सहित शिक्षण सामाग्री मात्रै खरिद गरी खर्च लेखु पर्दछ ।</td><td></td></tr>
<tr><td>३७</td><td></td><td></td><td>शिक्षक दरवन्दी र पदपूर्ति<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ (१) मा विषयगत महाशाखा तथा शाखाको दरबन्दी संरचना कायम गनुपर्ने उल्लेख छ । स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । पालिका अन्तर्गत विभिन्न तहका सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्याको आधारमा तालुक निकाय तथा पालिकाबाट विद्यालयगत शिक्षक दरबन्दी मिलान गरी पदपूर्ति गर्नुपर्दछ ।<br>
<table>
<tr><th>विद्यालय संख्या</th><th>शिक्षक दरबन्दी</th><th>पदपूर्ति</th><th>पदपूर्ति मध्ये करार</th><th>विद्यार्थी संख्या</th></tr>
<tr><td>२७</td><td>२७१</td><td>२७१</td><td>१२६</td><td>७०३०</td></tr>
</table>
<br>पालिकाको कुल दरबन्दीमा ४७ प्रतिशत दरबन्दी करारबाट भएको देखिन्छ । पालिकाले दरबन्दीमा स्थायी शिक्षक नियुक्तिको लागि ध्यान दिनुपर्ने देखिन्छ । साथै, उपरोक्त शिक्षक दरबन्दी र पदपुर्ति एवम् विधार्थी सङख्या विश्लेषण गर्दा प्रति शिक्षक औषतमा २६ जना विद्यार्थी पढाउनु पर्ने अवस्था देखिएको, विद्यार्थी संख्याको तुलनामा शिक्षक दरबन्दी बढी भएको देखिदा विद्यालयमा शिक्षकको दरबन्दी मिलान एवं न्यून विद्यार्थी भएका विद्यालयहरु सम्भाव्यताका आधारमा मर्ज गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३८ | | | **आइसिटी अनुदानमा दोहोरो भुक्तानी**<br><br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं २.७.१३. मा विगतमा यस्तो अनुदान नपाएका माध्यमिक विद्यालयको पहिचान गर्ने, विज्ञान विषय पढाई भएका विद्यालय प्राविधिक संचालित विद्यालय र नमूना विद्यालयलाई प्रदान गर्ने र विगत वर्षमा प्राप्त भएको भए दोहोरो नदिने उल्लेख छ । पालिकाले यस वर्ष आदर्श मा.वि. बकलौरीलाई सशर्ततर्फको पुस्तकालय अनुदान रु. ६५०००० दिएको पाइयो । साथै सोही विद्यालयलाई राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमबाट समेत सोही कार्यको लागि अनुदान रु. ६५०००० भुक्तानी गरेको पाइएको पाइयो । अतः कार्यान्वयन पुस्तिका अनुसार एकै वर्ष दोहोरो अनुदान निकासा भएको रकम अनियमित देखिएको रु. | ६५०,००० |
| ३९ | २१२ | २०७९ -३-२४ | **प्राविधिकधार संचालन विद्यालयलाई अनुदान**<br><br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं २.७.१३.३ मा प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाई सामाग्री अनुदान अन्तर्गत प्राविधिकधारको विद्यालय संचालन भएको विद्यालयलाई शिक्षण सामाग्री तथा (Lab Assistant, Equipments and Practical Materials, OJT, Operation cost) का लागि प्रति विद्यार्थी वार्षिक रु. १५००० दरले अनुदान निकासा दिने व्यवस्था छ । सोही व्यवस्था अनुसार प्राविधिकधारको विद्यालय संचालन भएको श्री जनता माध्यमिक विद्यालय रामधुनी ३ लाई रु. १३९४२६७ अनुदान भुक्तानी भएको छ । निर्देशिका अनुसार विद्यालयलाई निकासा भएको अनुदानको खर्च सम्बन्धी विवरण तथा प्रमाण कागजात पेश नभएकोले खर्च भएको भए सोको कागजात तथा प्रतिवेदन पेश हुनु पर्ने अन्यथा असूल हुनुपर्ने रु. | १,३९४,२६७ |
| ४० | | | **कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान**<br><br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं. २.७.१३.१३ मा विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान वितरण कार्यक्रममा शिक्षण सिकाईमा प्राविधिक ल्याव प्रयोगका लागि रु. १८००००।- का दरले प्रति विद्यालयलाई अनुदान वितरण गर्ने उल्लेख छ । यस व्यवस्था अनुसार जनता माध्यमिक विद्यालय सिंगियालाई प्राविधिक ल्याव अनुदान रु. १८००००।- निकासा भएको छ । विद्यालय र पालिकाबीच भएको सम्झौता पत्र अनुसार विद्यालयले २०७९ असार मसान्तसम्ममा कार्य सम्पन्न गरी प्रतिवेदन पेश गर्नुपर्ने उल्लेख भएकोमा विद्यालयले प्राविधिक ल्याव अनुदानको कार्य कार्यसम्पन्न गरी प्रतिवेदन पेश गरेको छैन । अतः विद्यालयले कार्यसम्पन्न गरी प्रतिवेदन पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु. | १८०,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४१</td><td></td><td></td><td>इन्टरनेट जडान<br><br>कार्याक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं २.७.१३.१० मा सामुदायिक विद्यालयमा इन्टरनेट व्यवस्थापनको लागि प्रति विद्यालय रु. १२००० का दरले अनुदान निकासा गर्ने उल्लेख छ । विद्यालयलाई निकासा भएको अनुदानबाट विद्यालयमा इन्टरनेट जडान गरी खर्च लेख्नु पर्ने व्यवस्था अनुसार पालिकामा रहेका १० वटा सामुदायिक विद्यालयलाई इन्टरनेट अनुदान रु. १२०००० भुक्तानी भएको छ । निर्देशिका अनुसार निकासा भएकोमा देहायका विद्यालयले इन्टरनेट जडान गरेको विल भरपाई पेश नगरेको पाइएकोले सोको विल भरपाइ पेश गर्नुपर्ने रु.
<table>
<tr><th>क्र. सं .</th><th>विद्यालयको नाम</th><th>अनुदान निकासा</th></tr>
<tr><td>१</td><td>श्री पञ्चायत मावि रामधुनी ३</td><td>१२०००</td></tr>
<tr><td>२</td><td>श्री पञ्चायत मावि रामधुनी कुमरखत ७</td><td>१२०००</td></tr>
<tr><td>३</td><td>श्री शिवनगर मावि रामधुनी २</td><td>१२०००</td></tr>
<tr><td>४</td><td>श्री पञ्चायत मावि रामधुनी चौसठी ७</td><td>१२०००</td></tr>
<tr><td>५</td><td>श्री भासि मावि रामधुनी १</td><td>१२०००</td></tr>
<tr><td>६</td><td>श्री रामधुनी मावि रामधुनी ४</td><td>१२०००</td></tr>
<tr><td>७</td><td>श्री जनता मावि रामधुनी ३</td><td>१२०००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>८४०००</td></tr>
</table></td><td>८४,०००</td></tr>
<tr><td>४२</td><td></td><td></td><td>स्वास्थ्य तर्फ</td><td></td></tr>
<tr><td>४२.१</td><td></td><td></td><td>औषधि खरिद - पालिकाकालाई आवश्यक पर्ने औषधि मध्ये पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा २ वर्ष बाँकी हुनु पर्दछ । त्यसैगरी भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनु पर्दछ । यस वर्ष पालिकाले संघीय शसर्त बजेट (आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि उप शीर्षकबाट रु. १७,००,०००।- औषधि तथा औषधिजन्य उपकरण खरिद गर्नको लागि लागत अनुमान बनाई बोलपत्रको माध्यमबाट सबैभन्दा कम कवोल गर्ने निक्की फर्मा डिष्ट्रीब्यूटर्स (३००२३३९००) सँग सम्झौता गरी सम्झौतानुसार ३४ प्रकारका औषधि तथा औषधिजन्य सामग्री आपूर्त गरेबापत रु.१६,२७,५०८।- –भुक्तानी दिएको छ ।<br>पालिकाले औषधि खरिद गर्दा आवश्यकता पहिचान नगरेको साथै पुल सिस्टमको आधारमा आपूर्ति समेत गरेको देखिएन । आपूर्ति भएका औषधि तथा औषधिजन्य सामग्रीको बिल तथा जिन्सी दाखिला प्रतिवेदनमा म्याद सकिने मिति उल्लेख नभएको तथा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अतः पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४२.२</td><td></td><td></td><td>न्यानो झोला कार्यक्रम- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७८।७९ मा सशर्त अनुदानतर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शन, २०७८ को दफा १३ (पृष्ठ-१५९) मा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेसिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिकामा तीन (३) वटा बर्थिङ्ग सेन्टर रहेको भए पनि नजिकमा इनरुवा, इटहरी र धरान अस्पतालमा गई प्रसुती गराउने गरेको कारण पालिकामा प्रसुती हुने नगरेकोले हालसम्म न्यानो झोला खरिद र बितरण नभएको पालिकाले जनाएको छ ।</td><td></td></tr>
<tr><td>४२.३</td><td></td><td></td><td>पदाधिकारीलाई अनुगमन भत्ताः लेखापरीक्षणको क्रममा नमूना छनौटको रुपमा परीक्षण गर्दा पदाधिकारीहरुलाई देहायका कार्यक्रमहरुको अनुगमन गरे बापत अनुगमन भत्ता भुक्तानी भएको छ । पदाधिकारीहरुको सेवा सुविधामा नै अनुगमन भत्ता भनी मासिक एकमुष्ठ रुपमा समावेश गरी भुक्तानी हुने भएकोले अनुगमन भत्ता दोहोरो भुक्तानी भएको रकम असुल गरी संघीय संचित कोष दाखिला गर्नुपर्ने रु<br><table><tr><td>भौ.नं./मिति</td><td>कार्यक्रम</td><td>अनुगमनकर्ता</td><td>दर</td><td>खर्च रकम</td></tr></table></td><td>१२,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | <table><tr><td>८७-०७९।१।६</td><td>PNC Home Visit कार्यक्रमको अनुगमन</td><td>नगर प्रमुख श्री जय प्रकाश चौधरी १ दिन</td><td>१५००</td><td>१५००</td></tr><tr><td>"</td><td>"</td><td>उपप्रमुख श्री सविना कुमारी चौधरी १ दिन</td><td>१५००</td><td>१५००</td></tr><tr><td>११६-०७९।२।१०</td><td>टाईफाईड खोप अभियान सञ्चालन</td><td>नगर प्रमुख श्री जय प्रकाश चौधरी ५ दिन</td><td>१५००</td><td>७५००</td></tr><tr><td>"</td><td>"</td><td>उपप्रमुख श्री सविना कुमारी चौधरी १ दिन</td><td>१५००</td><td>१५००</td></tr><tr><td colspan="4">जम्मा रु.</td><td>१२०००</td></tr></table> | |
| ४२.४ | | | **बिल भरपाई बेगरको खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने तथा नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका भौचरबाट गरेको खर्चको भरपाई नभएकोले भरपाई पेश हुनुपर्ने रु.<br><table><tr><td>भौ.नं./मिति</td><td>कार्यक्रम</td><td>खर्च रकम</td></tr><tr><td>५२-०७८।१२।८</td><td>भिटामिन ए कार्यक्रम बापतको महिला स्वयंसेविकाहरुलाई यातायात खर्च</td><td>७८४००</td></tr><tr><td>५३-०७८।१२।८</td><td>महिला स्वयंसेविकाहरुलाई पोशाक भत्ता</td><td>९८००००</td></tr><tr><td>२६१-०७९।३।२५</td><td>महिला स्वयंसेविकाहरुलाई यातायात</td><td>७८४००</td></tr></table> | २,३१२,८०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>भत्ता</td><td></td></tr>
<tr><td>२६३-०७९।३।२५</td><td>महिला स्वयंसेविकाहरुलाई यातायात खर्च</td><td>११७६०००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>२३१२८००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४२.५</td><td></td><td></td><td>
यातायात खर्चः पालिकामा कार्यरत कर्मचारीहरुलाई मासिक रुपमा इन्धन उपलब्ध गराएको पाइएकोमा विभिन्न तालिम तथा गोष्ठी सञ्चालन गरेवापत कार्यक्रममा सहभागी कर्मचारीहरूलाई प्रतिदिन रु. ८००/- का दरले यातायात खर्च भनी भुक्तानी दिएको पाइयो । यातायात खर्च भुक्तानी गर्दा दोहोरो नपर्ने गरी भुक्तानी दिनुपर्ने तर्फ पालिकाको विशेष ध्यान जानु पर्दछ ।
<table>
<tr><th>भौ.नं./मिति</th><th>कार्यक्रम</th><th>कर्मचारीको नाम</th><th>सहभागी भएको दिन</th><th>प्रतिदिन दर</th><th>जम्मा बुझिलिएको रकम</th></tr>
<tr><td>६५-०७८।१२।१३</td><td>कोभिड-१९ बिरुद्ध खोप अभियान सञ्चालन</td><td>सि. अ . हे . व . श्री हरिदेव ठाकुर</td><td>३३</td><td>८००</td><td>२६४००</td></tr>
<tr><td>"</td><td>"</td><td>ज. स्वा . नि . श्री चकेन्द्र थापा</td><td>३५</td><td>८००</td><td>२८०००</td></tr>
<tr><td>"</td><td>"</td><td>सि. अ . हे . व . श्री वेद ना.राय</td><td>३४</td><td>८००</td><td>२७२००</td></tr>
<tr><td>"</td><td>"</td><td>ज. स्वा . नि . श्री शन्तोष चौधरी</td><td>३४</td><td>८००</td><td>२७२००</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>"</td><td>"</td><td>प्र. प्र . अ . श्री कमल बहादुर थापा</td><td>८</td><td>१००<br>०</td><td>८०००</td></tr>
<tr><td>"</td><td>"</td><td>ज. स्वा . अ . श्री मो शमिम अन्सारी</td><td>३५</td><td>१००<br>०</td><td>३५०००</td></tr>
<tr><td>"</td><td>"</td><td>सि. अ . हे . व . श्री नगेन्द्र पौडेल</td><td>३५</td><td>१००<br>०</td><td>३५०००</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>१८६८००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४२.६</td><td></td><td></td><td>
प्रशिक्षक भत्ताः अर्थ मन्त्रालयद्वारा जारी कार्यसञ्चालन निर्देशिका, २०७७ अनुसार तालिम प्रतिष्ठान बाहेक अन्य निकायबाट सञ्चालित सबै प्रकारको तालिमका स्रोत व्यक्ति तथा प्रशिक्षकको पारिश्रमिक नगरपालिका स्तरीय भएमा कार्यपत्र वापत रु.८००।- र कक्षा सञ्चालन वापत रु. ७००।- गरी जम्मा रु.१,५००।- भुक्तानी गर्न सक्ने तर सम्बन्धित कार्यालयले सञ्चालन गरेको तालिममा सोही कार्यालयको स्रोत व्यक्ति भएको अवस्थामा कक्षा लिए वापतको पारिश्रमिक नपाउने तर कार्यपत्र वापतको रकम पाउने व्यवस्था छ । यस पालिकाले पालिकास्तरीय र वडास्तरीय तालिमको भुक्तानीको नमूना परीक्षण गर्दा कतिपय कार्यक्रममा कार्यालयकै कर्मचारी पनि प्रशिक्षक भई कक्षा लिएकोमा कार्यपत्र संलग्न गरी भुक्तानी दिनुपर्नेमा कतिपय कार्यपत्र संलग्न नगरी भुक्तानी दिएको देखिएकोले आगामी दिनमा सुधार हुनुपर्ने देखिन्छ साथै कार्यपत्र वापत रु. ८००।- मात्र भुक्तानी दिनु पर्नेमा कक्षा लिएको बापत पनि निम्नानुसार कक्षा/कार्यपत्रको भुक्तानी दिएको देखियो । निर्देशिकामा उल्लेख भएभन्दा बढी भुक्तानी भएको रकम असुल गरी संघीय सञ्चित कोष दाखिला गर्नुपर्दछ रु.
<table>
<tr><th>भौ.नं./मिति</th><th>तालिम विवरण</th><th>प्रशिक्षक/कर्मचारी</th><th>कक्षा/ कार्यपत्र संख्या</th><th>पाउने दर</th><th>भुक्तानी भएको दर</th><th>बढी भुक्तानी कर बाहेक</th></tr>
<tr><td>११६-०७९।२।१०</td><td>टाइफाईड खोप अभियान संचालन तथा नियमित खोप</td><td>श्री मो. शमिम अन्सारी</td><td>११</td><td>८००</td><td>१४००</td><td>५६१०</td></tr>
</table>
</td><td>२०,५७०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | अभिमुखीकरण कार्यक्रम | | | | | |
| " | " | श्री नगेन्द्र पौड्याल | १० | ८०० | १४०० | ५१०० |
| २२५-०७९।३।२५ | आँखा,कान,घाँटी तथा मुख सम्बन्धी अभिमुखीकरण कार्यक्रम | डा. शैयम कोइराला | ३ | ८०० | १४०० | १५३० |
| " | " | मो.शमिम अन्सारी | ४ | ८०० | १४०० | २०४० |
| " | " | श्री नगेन्द्र पौड्याल | ४ | ८०० | १४०० | २०४० |
| २२६-०७९।३।२५ | विद्यालय स्वास्थ्य शिक्षा | श्री नगेन्द्र पौड्याल | १३ | ८०० | १००० | २२१० |
| " | विद्यालय स्वास्थ्य शिक्षा/आमासमूह तथा महिला स्वास्थ्य स्वयंसेविकाहरुको लागि सामाजिक व्यवहार परिवर्तन | श्री नगेन्द्र पौड्याल | ४ | ८०० | १४०० | २०४० |
| जम्मा | | | | | | २०५७० |

| | | | | |
|---|---|---|---|---|
| ४३ | | | **राममन्दिर पर्यटकीय पूर्वाधार** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ मा पूर्वाधार निर्माण गर्नुपूर्व वातावरणीय प्रभाव मूल्याङ्कन, जग्गाको उपलब्धता, युटिलिटी हटाउने, विस्तृत आयोजना प्रतिवेदन तयारी आदी कार्य नगरी ठेक्का व्यवस्थापन गर्न नहुने उल्लेख छ । रामधुनी मन्दिर पर्यटकीय पूर्वाधार निर्माणको लागि पालिकाले यस आर्थिक वर्षमा डि.पि.आर. निर्माण गरेको देखिन्छ । डि.पि.आर. निर्माण गरी ठेक्का लगायउने चरणमा रहेको उक्त आयोजनामा देहायको कामको डि.पि.आर. तयार हुनुभन्दा अगावै निर्माण कार्य सम्पन्न भएको तथा निर्माणको लागि ठेक्का सम्झौता भएको देखिन्छ । डि.पि.आर. मा देहाय अनुसारको उपभोक्ता समितिले सम्पन्न गरी सकेको तथा ठेक्का सम्झौता भई सकेको कामको अशं समेत समावेश गरी कुल लागत अनुमान तयार गरिएको देखिन्छ । निर्माण व्यवसायीसँग काम गराउदा उपभोक्ता समितिले सम्पन्न गरेको काम तथा ठेक्का सम्झौता गरी अगाडि बढेको कामको अशं कट्टा गरेर अन्य कामको मात्र भुक्तानी दिनुपर्दछ । आयोजनाको समग्र लागत र प्रभाव मुल्याकंन गरेपछि मात्र निर्माण कार्य प्रारम्भ गर्नुपर्नेमा अगाडि नै निर्माण कार्य गराएको देखिन्छ । निर्माण कार्य सम्पन्न भएको अशं घटाई बाँकी कामको मात्र ठेक्का सम्झौता तथा भुक्तानी हुनुपर्दछ ।
<table>
<tr><th>कामको शीर्षक</th><th>ठेक्का सम्झौता रकम</th><th>डि. पि . आर . बाट आएको लागत</th><th>विवरण</th></tr>
<tr><td>कम्पाउण्ड वाल तथा विवाह मण्डप</td><td>१३८९००६८</td><td>कम्पाउण्ड वालको मात्र रु. २२३८४०००</td><td>डि. पि . आर . अघि नै सरिता निर्माण सेवा सँग सम्झौता भएको</td></tr>
<tr><td>घाट जाने बाटो ब्लोक बाटो</td><td>५००००००</td><td>बाटो र ल्याण्ड स्केप समेतको रु ६६७४०००</td><td>डि आर ए निर्माण सेवा सँग बाटो मात्रको सम्झौता भएको</td></tr>
<tr><td>गेट निर्माण</td><td>९७५०००</td><td></td><td>उपभोक्ता<br>समितिबाट गेट निर्माण सम्पन्न</td></tr>
<tr><td>जम्मा</td><td>१९८६५०६८</td><td></td><td></td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४४ | | | **इट्टाको सोलिङ**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान बनाउनुपर्ने व्यवस्था छ । लागत अनुमान बनाउदा स्वीकृत नर्म्स र दररेटको आधारमा प्रत्येक कामको इकाइ रेट निर्धारण गर्नुपर्ने हुन्छ । पालिकाले १५ शैया अस्पताल निर्माण कार्यमा ईट्टाको सोलिङ गर्ने कामको दररेट विश्लेषण गर्दा प्रति वर्ग मिटर ईट्टा सोलिङमा ४२ वटा ईट्टा राखेको छ । एउटा ईट्टाको साइज ०.२५४ मि × ०.१२७ मि ले एक वर्ग मिटरमा ३२ वटा ईट्टा मात्र आवश्यक पर्ने देखिन्छ । १० वटा ईट्टाको प्रति ईट्टा मु. अ. कर र ओभरहेड सहित रु. २४ ले प्रति वर्ग मिटर ईट्टा सोलिङको काममा रु. २४० ले बढीको दर निर्धारण उक्त निर्माण कार्यमा लागत अनुमानमा उल्लेखित २४४३ वर्ग मिटर कामको रु. ५८६३२० बढी लागत अनुमान बन्न गएकोले रु. | ५८६,३२० |
| ४५ | | | **पेश्की रकम दाखिला गर्नुपर्ने**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ मा पेश्की सम्बन्धी व्यवस्था छ । जस अनुसार एउटा प्रयायोजनको लागि दिएको पेश्की हो सोही प्रायोजनमा खर्च नगर्ने तथा नियमानुसार काम नगर्ने निर्माण व्यवसायीबाट पेश्की रकम असुल गर्ने सम्बन्धी व्यवस्था छ । पालिकाले एकिकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम अन्तर्गत १५ शैंया अस्पताल निर्माणको लागि भूमि बुद्ध ओम बुद्ध जे भी सँग रु. १०४१००४१० मा सम्झौता गरेको छ । सम्झौता अनुसार निर्माण व्यवसायीले रु. ९११२४२५ पेश्की लगेकोमा निजले नियमानुसार काम नगरेको कारणबाट निजको अग्रिम बैंक जमानत वापतको रकम रु. ९११२४२५ जफत गरी धरौटी खातामा राखेको देखिन्छ । पेश्की रकम सम्बन्धित निर्माण व्यवसायीबाट असुल गरेपछि संघीय हस्तान्तरित कार्यक्रमको रकम संघीय सञ्चित कोषमा नै दाखिला गर्नुपर्नेमा धरौटी खातामा राखेको हुँदा धरौटीबाट सदर स्याहा गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु. | ९,११२,४२५ |
| ४६ | | | **नापी किताब**<br><br>निर्माण कार्यको विस्तृत अभिलेखाकंनका लागि स्वीकृत ढांचाको नापी किताबमा ठेक्का नम्बर आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख हुनुपर्ने व्यबस्था छ । पलिकाले अधिकांश योजना एवं ठेक्का कार्यको लागि | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | रनिङ बिल अनुसार नापी किताब लुज सिटमा तयार गरेको पाइयो । तोकिएको ढांचामा सबै व्यहोरा खुलाई एउटै नापी किताव नराखी ठेक्का बिल अनुसार अलग अलग नापी किताब राख्दा आवश्यक सूचना लिन तथा अभिलेख व्यबस्थापन गर्न सहज नहुने हुँदा स्वीकृत ढांचा बमोजिमको नापी किताव प्रयोगमा ल्याउनु पर्दछ । | |
| ४७ | | | **पूर्वनिर्धारित क्षतिपूर्ति**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ को उपनियम (क) मा आपूर्तिकर्ता, परामर्शदाता, सेवा प्रदायक वा निर्माण व्यवसायीको ढिलाइको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी साधारणतया प्रति दिन सम्झौता रकमको ०.०५ प्रतिशत पूर्वनिर्धारित क्षतीपूर्ति दिनु पर्ने व्यवस्था छ । रामधुनी ८ सडक कालोपत्रे वडा कार्यालय देखि रामधुनी ९ छप्की सम्म बाटो निर्माण योजनामा पालिकाले रु. ९७८३३५२ को लागत अनुमान बनाई ठेक्का आह्वान गरेकोमा चक्र निर्माण सेवाले रु. ५८६३६६७ मा ठेक्का कवोल गरी २०७८।३।१५ मा काम सम्पन्न गर्ने गरी सम्झौता गरेको देखिन्छ । निर्माण व्यवसायीले निर्धारित समयमा काम सम्पन्न नगरेपछि पालिकाले २०७८।११।३० सम्म म्याद थप गरेको देखिन्छ । पालिकाले उक्त कामको नापजाचँ गरी कार्यस्वीकार प्रतिवेदन बनाएको समेत छ । कार्यस्वीकार प्रतिवेदनमा समयमा काम सम्पन्न भनी उल्लेख गरे पनि संलग्न ल्याब टेस्ट रिपोर्ट र अन्य प्रमाण हेर्दा मिति २०७९ असारमा मात्र सम्पन्न भएको पुष्टि भएको देखिन्छ । ठेक्का म्याद भन्दा ३ महिना ढिला काम सम्पन्न गरेको हुँदा प्रतिदिन सम्झौता अङ्कको ०.०५ प्रतिशतले हुने रु. २६४७६५ जरिवाना वापतको रकम सम्बन्धित निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने रु. | २६४,७६५ |
| ४८ | | | **एजबिल्ट नक्सा**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(१) मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीस दिन भित्र सम्वन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको एज विल्ट नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । यस बर्ष निर्माण सम्पन्न गरेको विभिन्न निर्माण कार्यहरुको निर्माण भए बमोजिमको नक्सा पेश गरेको देखिएन सम्झौताको शर्तमा समेत नक्सा पेश गर्ने उल्लेख गरेको देखिएन ।सम्पन्न योजनामा एजविल्ट नक्सा भएको नपाइएकोले नियममा भएको व्यवस्था अनुसार कार्य हुनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ४९ | | | **मर्मत सम्भार कोष**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (३) मा सम्पन्न निर्माण कार्यको सञ्चालन वा मर्मत सम्भार उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने, सोही नियमावलीको उपनियम (१५) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले सम्पन्न आयोजनाको सेवा उपयोग गरे वापत उपभोक्ताले तिर्नुपर्ने सेवा शुल्क तोकी शुल्क जम्मा गर्ने कुनै कोष खडा गरी सोही कोषबाट त्यस्तो निर्माण कार्य सञ्चालन, मर्मत तथा सम्भार गर्नुपर्ने व्यवस्था छ । विभिन्न योजना सञ्चालन गर्न सम्बन्धित उपभोक्ता समितिसँग गरेको सम्झौतामा मर्मत सम्भारको जिम्मा सम्बन्धित उपभोक्ता समितिले लिनुपर्ने उल्लेख भए तापनि सम्पन्न आयोजना मर्मत सम्भारका लागि कतिपय उपभोक्ता समितिहरुले मर्मत सम्भार कोषको व्यवस्था गरेको पाइएन । अतः निर्मित आयोजनाहरुको सु–सञ्चालन तथा दिगोपनाको लागि मर्मत सम्भार कोषको व्यवस्था गरिनुपर्दछ । | |
| ५० | | | **ईन्जिनियरिङ सुविधा**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा निर्माण कार्यसँग सम्बन्धित आइटमहरु मात्र समावेश गर्नुपर्ने र २०६९।१।८ पछि ठेक्का सम्झौता गर्दा निर्माण कार्यसँग असम्बन्धित खर्चहरु ठेक्कामा समावेश नगर्न सार्वजनिक लेखा समितिले निर्णय गरेको छ । १५ शैया अस्पताल निर्माणको बिल अफ क्वान्टिटीमा जीप भाडाको लागि रु. ४२३३६० राखेकोमा निर्माण व्यवसायीले रु. ९६०००० कवोल गरेको र इन्जिनियरको लागि रुम भाडा भनी रु. ८४००० राखेकोमा निर्माण व्यवसायीले रु. ४३२००० कवोल गरी जम्मा २ वटा कार्यको लागि रु. १३९२००० आयोजनासँग असम्बन्धित काममा भुक्तानी हुने देखिन्छ । आयोजनाको बजेटबाट निर्माणसँग असम्बन्धित कामहरुको लागत समेत निर्माण कार्यको लागतमा समावेश गरेको अनियमित देखिएको रु. | १,३९२,००० |
| ५१ | | | **फर्म वर्कको दोहोरो भुक्तानी**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा खरिद कार्य गर्न अघि स्वीकृत नर्म्सको प्रयोग गरी लागत अनुमान बनाउनुपर्ने उल्लेख छ । पालिकाले बाटोमा नाला निर्माण कार्यमा पि. सि. सि. को कामको दररेट विश्लेषण गर्दा फर्माको काम कम्तिमा ४ प्रतिशत राखेर इकाई दर बनाएको छ । देहायको योजनाहरुमा छुट्टै फर्माको कामको भुक्तानी दिएको र पि.सि.सि. को काममा समेत फर्माको | २१९,१८० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>कामको अंश समावेश भएको कारणबाट प्रति घन मिटर पि.सि.सि. को काममा रु. ३९० ले फरक पर्न गएको छ । उपभोक्ता समितिहरुबाट सञ्चालन भएको देहायको योजनाहरुमा बढी भुक्तानी भएको हुँदा सम्बन्धित उपभोक्ता समितिहरुबाट असुल गर्नुपर्ने रु.
<table>
<tr><th>भौचर र मिति</th><th>योजना</th><th>कामको परिमाण</th><th>बढी</th><th>जम्मा</th></tr>
<tr><td>२३८।०७८।१२।१७</td><td>मिर्चैया चन्द्रकमल मा वि देखि दत्ताकिच्चा खोला सम्म बाटो</td><td>९४</td><td>३९०</td><td>३६६६०</td></tr>
<tr><td>२९०।०७८।१२।१८</td><td>छपकी पक्की नाला निर्माण</td><td>९४</td><td>३९०</td><td>३६६६०</td></tr>
<tr><td>३०१।०७८।१२।२९</td><td>मिर्चैया पक्की नाला</td><td>५८</td><td>३९०</td><td>२२६२०</td></tr>
<tr><td>३६१।०७९।१।११</td><td>डुम्राहा पक्की नाला</td><td>५१</td><td>३९०</td><td>१९८९०</td></tr>
<tr><td>३९५।०७९।१।२५</td><td>शिवालय एजिङ वाल निर्माण</td><td>१०५</td><td>३९०</td><td>४०९५०</td></tr>
<tr><td>४१५।०७९।२।१३</td><td>सितपुर पक्की नाला</td><td>५८</td><td>३९०</td><td>२२६२०</td></tr>
<tr><td>४३२।०७९।२।१३</td><td>पक्की नाला निर्माण डुम्राहा ट्रान्समिटर देखि पुर्ताधारा बाटो</td><td>५०</td><td>३९०</td><td>१९५००</td></tr>
<tr><td>५९८।०७९।३।२३</td><td>धरहा पक्की नाला निर्माण</td><td>५२</td><td>३९०</td><td>२०२८०</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>२१९१८०</td></tr>
</table></td><td></td></tr>
<tr><td>५२</td><td></td><td></td><td>कार्यसम्पन्न<br><br>पूँजीगत सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा निर्माण कार्य सम्पन्न भएपछि कार्यस्वीकार प्रतिवेदन बनाई अन्तिम</td><td>२,५३८,७३९</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | बिलको भुक्तानी दिनुपर्ने हुन्छ । नेपाल विद्युत प्राधिकरणलाई बिजुली पोल व्यवस्थापन तथा स्थानान्तरण भनी रु. २५३८७३९ भुक्तानी भएकोमा लेखापरिक्षण अवधिसम्म काम सम्पन्न भएको प्रमाण पेश नभएको हुँदा प्रमाण पेश हुनुपर्ने रु. | |
| ५३ | | | **जटिल संरचना**<br><br>सार्वजनिक खरिद नियमावली, २०७६ को नियम ९७ (९) मा जटिल प्राविधिक संरचना भएको काम उपभोक्ता समितिलाई दिन नहुने व्यवस्था छ । साथै श्रमको उपयोग हुने रोजगार सृजना हुने योजनाहरु मात्र उपभोक्ता समितिबाट संचालन गर्नुपर्दछ । पालिकाले ठूला भवन निर्माण तथा बाटो कालोपत्रे गर्ने जस्ता जटिल प्राविधि पक्ष समावेश भएको काम समेत उपभोक्ता समितिबाट गराएको देखिन्छ । आगामी दिनमा जटिल प्रविधि पक्ष समावेश भएको योजनाहरु गुणस्तरीय रुपमा प्रतिस्पर्धाको आधारमा निर्माण व्यवसायीबाट गराउने र श्रममुलक योजना मात्र उपभोक्ता समितिबाट सञ्चालन गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ५४ | | | **फरक नर्म्सको प्रयोग**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा खरिद कार्य गर्न अघि स्वीकृत नर्म्सको प्रयोग गरी लागत अनुमान बनाउनुपर्ने उल्लेख छ । पालिकाले सडक निर्माण सम्बन्धी कामको लागी सडक विभागबाट जारी गरिएको नर्म्स प्रयोग गर्दै आएकोमा पि सि सि १:२:४ को काममा भवन विभागको नर्म्स प्रयोग गरिएको कारणबाट प्रति घन मिटर पि.सि.सि. १:२:४ को काममा रु. २४२६ ले फरक पर्न गई देहाय अनुसारको योजनाहरुमा बढी भुक्तानी भएको हुँदा उपभोक्ता समितिहरुबाट असुल गर्नुपर्ने रु. | १९१,६५४ |

| भौचर र मिति | योजनाको नाम | कामको परिमाण | फरक परेको रकम | जम्मा |
|---|---|---|---|---|
| २३४।०७८।१२।१३ | एल इ एस मार्ग पक्की नाला | ३९ | २४२६ | ९४६१४ |
| २३५।०७८।१२।१३ | वडा कार्यालय जोड्ने बाटो | २३ | २४२६ | ५५७९८ |
| २९१।०७८।१ | सयपत्री मार्ग | १७ | २४२६ | ४१२४२ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२।२८</td><td>स्तरोन्नती</td><td></td><td></td><td></td></tr>
<tr><td colspan="4">जम्मा</td><td>१९१६५४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५५</td><td></td><td></td><td>कृषि कार्यक्रम तर्फ</td><td></td></tr>
<tr><td>५५.१</td><td></td><td></td><td>
धानको बीउ खरिदः पालिकाले यस आ.व.मा उन्नत जातको धानको बीउ खरिद गर्न जम्मा रु.४८,००,०००।– को लागत अनुमान तयार गरी बोलपत्र आह्वान गरेकोमा कुशवाहा खाद विज भण्डार (३०३८६७०५६) ले पेश गरेको बोलपत्रलाई स्वीकृत गरी प्रति कि.ग्रा. रु.५७.५ का दरले ४३३०५ कि.ग्रा. स्वर्ण सब १, राधा १२, प्रति कि.ग्रा. रु.५९ का दरले ८३९० कि.ग्रा. कान्छी मन्सुली, प्रति कि.ग्रा. रु.९८.५ का दरले १०००० कि.ग्रा. ललका मन्सुली र प्रति कि.ग्रा. रु.५८ का दरले १३६२१ कि.ग्रा. सावाँ मन्सुली गरी जम्मा ७५३१६ कि.ग्रा. रु.४७,६०,०००।- मा ७ दिनभित्र कार्य सम्पन्न गरेपश्चात पालिकाको तर्फबाट ५० प्रतिशत अनुदान रकम रु.२३,८०,०००।– भुक्तानी दिने गरी मिति २०७९।१।१४ मा पालिका र कुशवाह खाद विज भण्डारबीच सम्झौता भएको देखियो ।<br>
सम्झौता अनुसार मिति २०७९।१।२२ भित्र कार्य सम्पन्न गर्नुपर्ने देखिएकोमा कुशवाह खाद विज भण्डारले मिति २०७९।३।७ मा पेश गरेको ७३१५० कि.ग्रा.को रु.४६,२६,३७०।– बिल अनुसार ५० प्रतिशत अनुदान रकम रु. २३,१३,१८५।५ भुक्तानी दिएको देखियो । सम्झौता अनुसारको परिमाण समयमा नै आपूर्ति नभएको, किसानहरुको मागबमोजिम वडाको सिफारिसको आधारमा बीउ खरिद तथा बितरण नगरिएको र बितरण गरेको मिति उल्लेख गरेको पाइएन । यसबाट किसानहरु समयमा नै लाभान्वित भएका छन् भनी भन्न सकिएन । सम्झौता बमोजिमको कार्य निर्धारित मितिमा सम्पन्न गर्ने गराउने तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ साथै पालिकाबाट बितरिण बीउको सही उपयोग भए नभएको सम्बन्धमा अनुगमन, निरीक्षण गरी अभिलेखीकरण गर्ने गरेको नपाइएकोले आगामी दिनुमा सुधार हुनुपर्दछ र लगानीको प्रभावकारी उपयोगको सुनिश्चितता हुनुपर्दछ ।<br>
सम्झौता र आपूर्ति भएको धानको विवरण यस प्रकार उल्लेखित छन्
<table>
<tr><td></td><td colspan="3">सम्झौता अनुसार आपूर्ति गर्नुपर्ने परिमाण र रकम</td><td colspan="2">आपूर्ति भएको परिमाण र रकम</td></tr>
<tr><td>धानको बीउ</td><td>परिमाण</td><td>इकाई दर</td><td>जम्मा मूल्य</td><td>परिमाण</td><td>रकम</td></tr>
<tr><td>स्वर्ण सब १, राधा १२</td><td>४३३०५</td><td>५७.५</td><td>२४९००००</td><td>४२७००</td><td>२४५५२५०</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>कि.ग्रा.</td><td></td><td></td><td>कि.ग्रा.</td><td></td></tr>
<tr><td>कान्छी मन्सुली</td><td>८३९० कि.ग्रा.</td><td>५९</td><td>४९५०००</td><td>८१२० कि.ग्रा.</td><td>४७९०८०</td></tr>
<tr><td>ललका मन्सुली</td><td>१०००० कि.ग्रा.</td><td>९८.५</td><td>९८५०००</td><td>९८०० कि.ग्रा.</td><td>९६५३००</td></tr>
<tr><td>सावाँ मन्सुली</td><td>१३६२१ कि.ग्रा.</td><td>५८</td><td>७९००००</td><td>१२५३० कि.ग्रा.</td><td>७२६७४०</td></tr>
<tr><td>जम्मा</td><td>७५३१६ कि.ग्रा.</td><td></td><td>४७६००००</td><td>७३१५० कि.ग्रा.</td><td>४६२६३७०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५५.२</td><td></td><td></td><td>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने तथा नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेखु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट झुम्का कृषि सहकारी संस्था लिमिटेड, रामधुनी ५ झुम्काले राधा १२ जातको ७०० कि.ग्रा, स्वर्ण सब १ जातको १४०० कि.ग्रा. र सावा मन्सुली जातको ३५० कि.ग्रा. धानको बीउ (रु.१,४१,०५०।-) बुझिलिएकोमा वितरण गरेको भरपाई संलग्न नभएकोले भरपाई पेश हुनुपर्ने रु.</td><td>१४१,०५०</td></tr>
<tr><td>५५.३</td><td></td><td></td><td>धानको बीउ वितरणमा प्रोत्साहनः उन्नत बीउमा कृषकहरुलाई अनुदान कार्यक्रम संचालन प्रक्रिया, २०७७ को बुँदा नं. २.५ मा स्थानीय तहले सशर्त अनुदान बजेटक सीमाभित्र रही छनौट भएका आपूर्तिकर्तासँग आपूर्ति गर्नुपर्ने परिमाण खुलाई बीउ आपूर्ति सम्झौता गर्नुपर्ने र सम्झौतामा उल्लेखित परिमाणको बीउ ढुवानी गरी तोकिएको स्थानहरुबाट आपूर्तिकर्ता स्वयम वा आफ्ना आधिकारिक बितरकबाट आफ्नै खर्चमा अनिवार्य रुपमा वितरण गर्नु पर्ने व्यवस्था छ । बीउ वितरणमा प्रोत्साहन अनुदान भुक्तानी गर्ने सम्बन्धमा कुनै पनि स्पष्ट व्यवस्था नरहेको अवस्थामा पालिकाले यस आ.व.मा कुशवाहा खाद विज भण्डारबाट खरिद गरेका ७३१५०</td><td>२९२,६००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कि.ग्रा.धानको बीउ देहायका सहकारी/ समूहबाट किसानहरुलाई वितरण गर्दा वितरण गर्ने समूहलाई प्रोत्साहन स्वरुप प्रति कि.ग्रा. रु.४।-का दरले भुक्तानी दिएको देखियो । कार्यक्रममा धानको बीउ वितरणमा प्रोत्साहनका लागि रु.३ लाख विनियोजन भएको तर प्रोत्साहन रकम वितरण गर्ने कार्यविधि नभएको हुँदा सहकारीलाई भुक्तानी दिइएको प्रोत्साहन रकम नियमसंगत नदेखिएको रु. | |

| भौ.नं./मिति | बीउ बितरक सहकारी संस्था | वितरण गरेको परिमाण (कि.ग्रा.) | प्रति कि.ग्रा.रकम | जम्मा भुक्तानी |
|---|---|---|---|---|
| २५१-०७९।३।२५ | श्री झुम्का ब.उ.स.सं.लि. रामधुनी- १ | २३७३० | ४ | ९४९२० |
| २५३-०७९।३।२५ | श्री नवजागरण महिला कृषि स.सं.लि. रामधुनी- ८ | १७९५५ | ४ | ७१८२० |
| २५५-०७९।३।२५ | श्री साना किसान कृषि स.सं.लि. रामधुनी- ६ | ९८७० | ४ | ३९४८० |
| २४५-०७९।३।२५ | श्री महाशक्ति कृषि स.सं.लि. रामधुनी- ४ | ८७१५ | ४ | ३४८६० |
| २४६-०७९।३।२५ | श्री झुम्का कृषि स.सं.लि. रामधुनी- ५ | २४५० | ४ | ९८०० |
| २५७-०७९।३।२५ | श्री दुग्ध स.सं.लि. रामधुनी- ४ | ८७५ | ४ | ३५०० |
| २४७-०७९।३।२५ | श्री अन्नपूर्ण ब.उ.महिला स.सं.लि. रामधुनी- ७ | ३४३० | ४ | १३७२० |
| २४९-०७९।३।२५ | श्री अमाहा कृषि स.सं.लि. | ६१२५ | ४ | २४५०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>रामधुनी- २</td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>जम्मा</td><td>७३१५०</td><td></td><td>२९२६००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५५.४</td><td></td><td></td><td>कृषि सामग्री बितरणः पालिकाले यस आ.व.मा ५० प्रतिशत अनुदानमा देहायका कृषि सामग्रीहरु बितरण गरेको देखिएको छ । बितरण गरिएको उक्त सामग्रीहरुको उचित उपयोग हुनुपर्दछ ।
<table>
<tr><th>भौ.नं./मिति</th><th>सामग्रीको नाम</th><th>प्रतिइकाई मूल्य</th><th>संख्या</th><th>जम्मा मूल्य</th><th>पालिकाले व्यहोरेको रकम (५०%)</th><th>बितरण</th></tr>
<tr><td>१४८-०७९।३।३</td><td>डिजिटल तौल मेसिन</td><td>१०४१६</td><td>४८</td><td>४९९९६८</td><td>२४९९८४</td><td>४८ जना किसान</td></tr>
<tr><td></td><td>पावर टिलर २० एच.पी.</td><td>२४००००</td><td>२५</td><td>६००००००</td><td>३००००००</td><td>२५ जनालाई बितरण</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५५.५</td><td>२५८</td><td>२०७९-३-२५</td><td>च्याउ पकेट कार्यक्रमः पालिकाले यस आ.व.मा च्याउ निरन्तरता कार्यक्रमको लागि रामधुनी एकीकृत च्याउ पकेट संचालन समन्वय समिति, रामधुनी १, ८ र ९ ले तयार गरेको रु.१२,००,५००।– लागत अनुमान बमोजिम कार्य सम्पन्न गरेमा लागत अनुमानको ५० प्रतिशत अनुदान रु.६,००,०००।– उपलब्ध गराउने गरी सम्झौता भएको देखिएकोमा समितिले लागत अनुमान बमोजिम कार्य सम्पन्न गरेको नदेखिएकोमा पनि सम्झौता बमोजिमको अनुदान रकम पालिकाबाट भुक्तानी भएको छ । पालिकाबाट कार्यक्रमको नियमित अनुगमन पनि भएको नपाइएकोले अनुदानको प्रभावकारी उपयोग भएको छ भनी आश्वस्त हुन सकिएन । सम्झौता बमोजिम देहायका बिलभरपाई नभएको हुँदा सोको प्रमाण पेश गर्नुपर्ने अन्यथा असूल गर्नुपर्ने रु.
<table>
<tr><th>क्र.सं.</th><th>विवरण</th><th>लागत अनुमान बमोजिम पेश हुनुपर्ने बिल</th><th>परीक्षण गर्दा संलग्न भएको बिल भरपाई</th><th>सम्झौता बमोजिम पेश नभएका बिल भरपाई</th></tr>
</table>
</td><td>८०,४५०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td></td><td>भरपाई</td><td></td><td></td></tr>
<tr><td>1.</td><td>च्याउको बीउ</td><td>१५००००</td><td>१३००५०</td><td>१९९५०</td></tr>
<tr><td>2.</td><td>वेविस्टिन पाउडर</td><td>२००००</td><td>०</td><td>२००००</td></tr>
<tr><td>3.</td><td>दाउरा</td><td>२१६०००</td><td>२१६०००</td><td>०</td></tr>
<tr><td>4.</td><td>बाँस</td><td>२७००००</td><td>२७००००</td><td>०</td></tr>
<tr><td>5.</td><td>चुना</td><td>२२५००</td><td>०</td><td>२२५००</td></tr>
<tr><td>6.</td><td>फर्मालिन</td><td>३०००</td><td>०</td><td>३०००</td></tr>
<tr><td>7.</td><td>पराल</td><td>४५००००</td><td>४३५०००</td><td>१५०००</td></tr>
<tr><td>8.</td><td>अन्य सामग्री</td><td>६९०००</td><td>६९०००</td><td>०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१२००५००</td><td>११२००५०</td><td>८०४५०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५६</td><td></td><td></td><td>सवारी साधन मर्मत<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३ (५) मा सार्वजनिक निकायले कुनै मालसामान मर्मत सम्भारको लागत अनुमान तयार गर्न त्यस्तो निकायमा त्यस सम्बन्धी विशेषज्ञ वा दक्ष कर्मचारी भए त्यस्तो कर्मचारीबाट र त्यस्तो कर्मचारी नभए त्यस्तो काम गर्ने व्यक्ति, कम्पनी वा संस्थाबाट लागत अनुमान तयार गराउनु पराउनु पर्ने तथा नियम ९६ मा मालसामान मर्मत गर्न नयाँ सामान खरिद गरेकोमा पुराना पाटपुर्जा उपकरणको प्रतिस्थापन गरिएको कुरा सम्बन्धित प्रविधिकबाट प्रमाणित गराई पुराना सामान जिन्सी दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले सवारी साधन मर्मतमा रु. २०२५६८६ खर्च गरेकोमा मर्मत संभार गर्दा सम्बन्धित प्राविधिकबाट मर्मतको लागत अनुमान नबनाई अधिकांश सवारी साधनको मर्मत गर्ने गरेको पाइयो । यसरी मर्मत कार्य गर्दा वास्तविक</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | मर्मत कार्य गर्नुपर्ने यकिन नहुने हुँदा आगामी दिनमा पालिकाले सवारी साधन मर्मत गर्दा नियमको पालना गरी सम्बन्धित प्राविधिकबाट लागत अनुमान तयार गरी मितव्ययी तरिकाले गर्नुपर्दछ । | |
| ५७ | | | **कानुनी सल्लाहकार**<br><br>प्रदेश नं. १ अन्तर्गत गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ (पहिलो संशोधन) पालिकाको जनप्रतिनिधिले कानुनी सल्लाहकार राख्न पाउने कानुनी व्यवस्था उल्लेख छैन । पालिकाले यस वर्ष एक जना कानुनी सल्लाहकार (प्रदिप काफ्ले) नियुक्त गरी तलव भत्ता रु. २०४००० खर्च लेखेको छ । ऐन अनुसार राख्न नपाउने तथा सल्लाहकार नियुक्ति गर्दा स्पष्ट कार्य विवरण तयार नगरी सो को मुल्याङ्कन समेत नगरी भुक्तानी गरेको खर्च अनियमित देखिएको रु. | २०४,००० |
| ५८ | | | **खरिद योजना**<br><br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ मा सार्वजनिक निकायले तोकिएको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७(३) मा कार्यालयका लागि एक खरिद इकाई गठन गर्नुपर्ने उल्लेख छ । सार्वजनिक खरिद ऐन र नियमावलीको तोकिएको सीमा नाघ्न गई खरिद नियम तथा खरिद प्रक्रियामा सबैलाई सहभागी हुने समान अवसर सुनिश्चितता नदेखिएकोले कार्यालयले खरिद व्यवस्थानमा विशेष ध्यान दिनुपर्ने देखिन्छ । परामर्श सेवा र अन्य सेवाको खरिदको गुणस्तर अभिवृद्धि गरी सो सम्वन्धी जिम्मेवारी बहन गराउन ध्यान दिनुपर्दछ । | |
| ५९ | | | **कार्यक्षेत्र बाहिर लगानी**<br><br>४८९।०७८।११।३० र ६४१।०७८।१२।२९ स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को खण्ड ज को उपखण्ड १३ मा स्थानीय तहको अधिकार क्षेत्रभित्र आधारभूत र माध्यमिक शिक्षाका लागि सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, संचालन र व्यवस्थापनको काम कर्तव्य र अधिकार रहने उल्लेख छ । ऐनले तोकेको भन्दा बाहिरको कार्यक्षेत्रमा रही पालिकाले भादगाउँ सिनुवारी बहुमुखी क्याम्पसलाई रु. ५००००० को दरले दुई किस्तामा गरी क्याम्पस व्यवस्थापनको लागि रु. १०००००० उपलब्ध गराएको छ । यस किसिमको कार्यक्षेत्र भन्दा बाहिरको कार्यक्रममा लगानी गर्ने | १,०००,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कार्यमा नियन्त्रण गर्नुपर्ने देखिन्छ । साथै विगत वर्षको प्रतिवेदनमा समेत औंल्याएकोमा निरन्तर रुपमा लगानी गरेको पाइएको तथा कार्यक्षेत्र बाहिरको कार्यमा भएको खर्च अनियमित देखिएको रु. | |
| ६० | १९९ | २०७९-३-२२ | **पोषण कार्यक्रमः**<br><br>पालिकाले बालबालिकाहरुको पोषण अवस्थाको लेखाजोखा तथा स्वास्थ्य आमासमूहको अन्तर्क्रिया, पोषण शिक्षा, वडागत आमासमूहका अध्यक्षको उपस्थितिमा बैठक बसेको तर कुनै पनि निर्णय नगरी बैठक सम्पन्न गरेको देखिएको र उपस्थितिलाई खाजा व्यवस्था गर्दा पोषण कार्यक्रमबाट रु.४,५०,७९४।– खर्च लेखेको छ । यसरी बालबालिकाहरुको पोषण अवस्थाको लेखाजोखा गर्ने प्रयोजनमा बैठक बस्ने गरेको तर निर्णय नगरी बैठक सम्पन्न गर्ने गरेको देखियो । पालिकाले कार्यक्रमको प्रभावकारिता सम्बन्धमा थप सुधार गर्नुपर्ने देखिन्छ । | |
| ६१ | | | **माछा पकेटः**<br><br>पालिकाको आ.व. २०७८।७९ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत माछाको साना व्यवसायिक कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रमको मिति २०७८ चैत्र २५, २६ र २७ गते पालिकाबाट अनुगमन गरे बापत भनी अनुगमन कर्ता कर्मचारी/पदाधिकारीहरुलाई अनुगमन भत्ता रु.५०,०००।– भुक्तानी गरेको छ । पालिकाबाट आ.व. को अन्त्यसम्म पनि माछा पकेट कार्यक्रममा भुक्तानी दिएको नपाइएकोले कुन स्थानमा कहिलेदेखि माछा पकेट सञ्चालनमा रहेको, हालको अवस्था कस्तो रहेको र कुन स्थानको माछा पकेटको अनुगमन गरेको भन्ने विषयमा स्पष्ट नखुलाई भुक्तानी दिएको हुँदा सम्बन्धित शाखाबाट पुनः फिल्ड अनुगमन गरी माथि उल्लेखित विषयको सम्बन्धमा यकिन गरी सो को प्रमाण कागजात सहित प्रतिवेदन पेश हुनुपर्दछ । | ५०,००० |
| ६२ | २६४ | २०७९-३-२५ | **तराई-मधेश समृद्धि कार्यक्रम**<br><br>तराई-मधेश समृद्धि कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ७ (झ) मा आर्थिक, सामाजिक रुपले पछाडि परेका अति विपन्न अनुसूची-२ मा तोकिएका जात/जातिहरुका लागि सीपमूलक तालिम तथा आय आर्जन कार्यक्रमको लागि स्थानीय तहले प्रस्ताव पेश गर्दा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्द्वारा मान्यता प्राप्त संस्था मार्फत वा सो संस्थाबाट तालिम प्राप्त प्रशिक्षक वा परम्परागत सीपमा पारङ्गत दक्ष व्यक्ति मार्फत स्थानीय तह आफैले तालिम सञ्चालन गर्ने व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । | २२८,६६७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | पालिकालाई यस आ.व.मा यस कार्यक्रमका लागि प्राप्त भएको रु.५,००,०००।-बजेटबाट प्रत्येक वडाबाट ५/५ जना गरी जम्मा ४५ जनालाई २५ दिने विल्डिङ्ग ईलेक्ट्रिसियन सीपमूलक तालिम सञ्चालन गर्न सिलबन्दी दरभाउ पत्र माग गरेको देखिएकोमा पेश हुन आएका तीन वटा फर्ममध्ये सबैभन्दा कम (रु.४,९०,०००।-मा ४५ जनालाई एक महिना तालिम गराउने) कवोल गर्ने एन.एस.कलेज अफ सफ्टवेयर एण्ड हार्डवेयर इन्जिनियरिङ्ग प्रा.लि. (३०५२६०००८) सँग मिति २०७९।३।२० सम्ममा तालिम सम्पन्न गर्ने गरी मिति २०७९।२।२५ मा सम्झौता गरेको देखियो । एन.एस.कलेज अफ सफ्टवेयर एण्ड हार्डवेयर इन्जिनियरिङ्ग प्रा.लि. ले ४५ जनालाई एक महिना तालम दिने भनी प्रस्ताव पेश गरेको देखिएकोमा पालिकासँग सम्झौता हुँदा ४५ जनालाई उनीहरुको पायक पर्ने २ वटा सेन्टरमा १५/१५ दिन तालिम दिने भनी सम्झौता गरेकोमा २३ जनालाई विहानी समूहमा र २२ जनालाई दिउँसोको समूहमा विभाजन गरी सबै सहभागीहरुलाई १६ दिन तालिम दिएको पाइयो । निर्देशिकाको अनुसूची २ मा उल्लेखित तालिममा सहभागी हुन पाउने जातजाती बाहेकका जातजाती पनि सहभागी भएकोमा सहभागीहरुको छनौट कसरी गरियो भन्ने सम्बन्धमा स्पष्ट आधार र प्रमाण संलग्न भएको देखिएन । पालिकाले निर्देशिकामा उल्लेखित व्यवस्था बमोजिम तालिममा सहभागी हुन पाउने जातजातीहरुलाई छनौट गरी तालिममा सहभागी गराउनु पर्ने देखिन्छ । पालिका र एन.एस.कलेज अफ सफ्टवेयर एण्ड हार्डवेयर इन्जिनियरिङ्ग प्रा.लि.बीच भएको कबोल र सम्झौता बमोजिम ४५ जनालाई एक महिना तालिम दिनुपर्नेमा प्रत्येक सहभागीहरुलाई १६ दिन मात्र तालिम दिई सम्झौता बमोजिम पूरै रकम रु.४,९०,०००।- भुक्तानी लिएको देखिएकोले उक्त प्रा.लि.ले कबोल गरे बमोजिम १४ दिन घटी तालिम दिएको र सोही बमोजिम बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गरी संघीय संचित कोष दाखिला हुनुपर्ने रु.<br><br>तालिममा सहभागी भएका सहभागीहरुको विवरणः<br><br>क्र.सं / सहभागीहरुको नाम / ठेगाना<br>१ / सुर्य प्रसाद पौडेल / रामधुनी- ४<br>२ / युवराज दाहाल / रामधुनी- ४<br>३ / रमेश चौधरी / रामधुनी- ८ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|
| | | | ४ | सागर चौधरी | रामधुनी- १ | |
| | | | ५ | सौरभ भण्डारी | रामधुनी- १ | |
| | | | ६ | अर्यान विश्वकर्मा | रामधुनी- १ | |
| | | | ७ | दिपक खास्नाविश | रामधुनी- ३ | |
| | | | ८ | अश्विन कुमार चौधरी | रामधुनी- ५ | |
| | | | ९ | राजेश कुमार साह | रामधुनी- १ | |
| | | | १० | निखिल चौधरी | रामधुनी- ३ | |
| | | | ११ | सविन कुमार चौधरी | रामधुनी- ८ | |
| | | | १२ | शिव नारायण चौधरी | रामधुनी- ६ | |
| | | | १३ | सरोज कुमार श्रेष्ठ | रामधुनी- ३ | |
| | | | १४ | उपेन्द्र शाह | रामधुनी- ३ | |
| | | | १५ | मनिस सिग्देल | रामधुनी- ३ | |
| | | | १६ | टंकराज पोखेल | रामधुनी- ८ | |
| | | | १७ | मनोज शाही | रामधुनी- ५ | |
| | | | १८ | केशव आचार्य | रामधुनी- ३ | |
| | | | १९ | ददिराम कोइराला | रामधुनी- ८ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | |
|---|---|---|
| २० | अन्तराम चौधरी | रामधुनी- ९ |
| २१ | अजय चौधरी | रामधुनी- १ |
| २२ | सिताराम चौधरी | रामधुनी- ५ |
| २३ | दिनेश कुमार चौधरी | रामधुनी- ८ |
| २४ | नानीराम भुजेल | रामधुनी- ५ |
| २५ | पर्शुराम बस्नेत | रामधुनी- ४ |
| २६ | सुमन कुमार चौधरी | रामधुनी- ६ |
| २७ | सुरज चौधरी | रामधुनी- ३ |
| २८ | सुमित खर्ग | रामधुनी- १ |
| २९ | युवराज बस्नेत | रामधुनी- ४ |
| ३० | नवराज बस्नेत | रामधुनी- ४ |
| ३१ | रोशन राई | रामधुनी- २ |
| ३२ | निरज चौधरी | रामधुनी- ८ |
| ३३ | धिरज चौधरी | रामधुनी- ८ |
| ३४ | इश्वर खड्का | रामधुनी- ४ |
| ३५ | सुरज शाह | रामधुनी- ८ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३६</td><td>विशाल चौधरी</td><td>रामधुनी- ८</td></tr>
<tr><td>३७</td><td>रमेश श्रेष्ठ</td><td>रामधुनी- ४</td></tr>
<tr><td>३८</td><td>दिनेश कुमार साह</td><td>रामधुनी- १</td></tr>
<tr><td>३९</td><td>समिर चौधरी</td><td>रामधुनी- २</td></tr>
<tr><td>४०</td><td>निशान बस्नेत</td><td>रामधुनी- ४</td></tr>
<tr><td>४१</td><td>सुभ नारायण चौधरी</td><td>रामधुनी- २</td></tr>
<tr><td>४२</td><td>निखिल मेहता</td><td>रामधुनी- १</td></tr>
<tr><td>४३</td><td>गुड्डु ठाकुर</td><td>रामधुनी- १</td></tr>
<tr><td>४४</td><td>निशेष चौधरी</td><td>रामधुनी- ९</td></tr>
<tr><td>४५</td><td>रन्जित कुमार चौधरी</td><td>रामधुनी- ८</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६३</td><td></td><td></td><td>नमूना विद्यालयः<br><br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ अनुसार विद्यालय भौतिक पूर्वाधार तर्फ निकासा भएको रकम सम्बन्धित निर्माण कार्यमा खर्च गर्नुपर्ने हुन्छ । साथै नमूना विद्यालय तर्फको भौतिक पूर्वाधार र अन्य व्यवस्थापन खर्च सम्बन्धित शीर्षक र प्रयोजनमा मात्र खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले आदर्श माध्यमिक विद्यालय, रामधुनी- ६, सुनसरीलाई नमूना विद्यालय कार्यक्रममा यस वर्ष रु. १,४५,००,००० निकासा गरेकोमा हाल सम्म कुनै काम अगाडि बढेको तथा कार्यसम्पन्न भएको प्रमाण नदेखिएको हुँदा कार्यसम्पन्न भएको प्रमाण पेश गर्नुपर्ने अन्यथा खर्च नभएको रकम यकिन गरी संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने रु.</td><td>१४,५००,०००</td></tr>
<tr><td>६४</td><td></td><td></td><td>सुरक्षित नागरिका आवासः</td><td>४,०५०,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ अनुसार नियमानुसार छनौट भएको लाभग्राहीहरुलाई सम्झौता पश्चात दुई किस्तामा रकम दिइने र प्रथम किस्ता रु. ३०००० दिनुपर्ने हुन्छ । दोस्रो किस्ताको लागि सम्बन्धित लाभग्राहीले कार्यसम्पन्न गरेपछि कार्यालयबाट खटाइएको प्राविधिकबाट नापजाँच गरी अनूसुची २ बमोजिमको कार्यसम्पन्न बनाई भुक्तानी गर्नुपर्ने उल्लेख छ । पालिकाले हालसम्म १ देखि ९ वटा वडामा देहायबमोजिम ३५४ वटा लाभग्राहीसँग सम्झौता गरी पहिलो किस्ता भुक्तानी गरेको देखिन्छ । पहिलो किस्ता लगेको लाभग्राहीहरुमध्ये २१८ जनाले मात्र कार्यसम्पन्न गरेको संलग्न प्रमाणबाट देखिन आउँछ । कार्यसम्पन्न हुन बाँकी १३६ जना लाभग्राहीको अनुसूची ३ अनुसारको कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु. | |

| वडा नं. | सम्झौता अनुसार पहिलो किस्ता संख्या | कार्यसम्पन्न पछि दोस्रो किस्ता संख्या | कार्यसम्पन्न हुन बाँकी संख्या | पहिलो किस्ता वापत रु. | कार्यसम्पन्न हुन बाँकी जम्मा रु. |
|---|---|---|---|---|---|
| १ | २४ | ११ | १३ | ३०००० | ३९०००० |
| २ | २७ | १२ | १५ | ३०००० | ४५०००० |
| ३ | ५६ | २३ | ३३ | ३०००० | ९९०००० |
| ४ | ८६ | ६६ | २० | ३०००० | ६००००० |
| ५ | २ | ० | २ | ३०००० | ६०००० |
| ६ | ३५ | ३२ | ३ | ३०००० | ६०००० |
| ७ | ३८ | १२ | २६ | ३०००० | ७८०००० |
| ८ | ३० | २८ | २ | ३०००० | ६०००० |
| ९ | ५६ | ३४ | २२ | ३०००० | ६६०००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>जम्मा रु.</td><td>३५४</td><td>२१८</td><td>१३६</td><td></td><td>४०५००००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६५</td><td></td><td></td><td>
बढी भुक्तानीः<br><br>
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायबमोजिमको कार्यक्रममा स्वीकृत मापदण्ड तथा बिलभरपाईभन्दा भुक्तानी गर्दा बढी भुक्तानी गरेको रकम असुल हुनुपर्ने रु.
<table>
<tr><th>सि. नं .</th><th>भौचर नं.</th><th>भुक्तानी पाउनेको नाम</th><th>कार्यक्रम</th><th>बढी रकम रु.</th></tr>
<tr><td>१</td><td>२५-प्रदेश चालु ०७९।३।२०</td><td>दाना ग्रामिण बचत तथा ऋण सहकारी संस्था लि. झुम्का</td><td>सिपमुलक तालिम कार्यक्रममा मसलन्द खर्चमा प्रतिव्यक्ति रु. १०० भन्दा बढी भुक्तानी</td><td>७७००</td></tr>
<tr><td>२</td><td>३१-प्रदेश चालु ०७९।३।२५</td><td>रामधुनी नगरपालिका वडा स्तरीय महिला समिति</td><td>प्रतिवेदन खर्चमा रु. ३००० भन्दा बढी भुक्तानी</td><td>६०००</td></tr>
<tr><td>३</td><td>६-प्रकोप कोष ०७८।१२।२३</td><td>दिलिप कुमार चौधरी</td><td>कन्टिन्जेन्सी रकम समेत भुक्तानी भएको</td><td>२४२३</td></tr>
<tr><td>४</td><td>११-प्रकोप कोष ०७९।३।२४</td><td>रोशनी निर्माण सेवा</td><td>कवोल अंक भ्याटसहित रु. ४८००२६ भएकोमा रु . ४८६९०२ भुक्तानी भएको</td><td>६८७६</td></tr>
<tr><td colspan="4">जम्मा रु.</td><td>२२९९९</td></tr>
</table>
</td><td>२२,९९९</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६६ | | | **सशर्त अनुदान रकम फिर्ताः**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकममध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायबमोजिम प्रदेश चालु र पूँजीगत खर्चको गोश्वारा भौचरमा बजेट खर्च लेखेको तर वास्तविक खर्च नभएको हुँदा प्रदेश सञ्चित कोष फिर्ता गर्नुपर्ने रु. | ६६५,१५३ |

| गो. भौ . नं . र मिति | बजेट उपशीर्षक | विवरण | रकम रू. |
|---|---|---|---|
| ४८- २०७९।३।३० | प्रदेश चालु | भौचर रिभर्स नगरी पुनः भुक्तानी गर्दा बजेट खर्च बढेको | २६२७८३ |
| ४९- २०७९।३।३० | प्रदेश चालु | भौचर रिभर्स नगरी पुनः भुक्तानी गर्दा बजेट खर्च बढेको | २८३३०० |
| ५३- २०७९।३।३० | प्रदेश चालु | भौचर रिभर्स नगरी पुनः भुक्तानी गर्दा बजेट खर्च बढेको | ३२१४० |
| ३- २०७८।१२।१३ | प्रदेश पूँजीगत | कन्टिन्जेन्सी रकम कट्टा गरेपनि खर्च नगरेको | १५००० |
| १३- २०७९।१।२१ | प्रदेश पूँजीगत | कन्टिन्जेन्सी रकम कट्टा गरेपनि खर्च नगरेको | १३७५० |
| २१- २०७९।३।२० | प्रदेश पूँजीगत | कन्टिन्जेन्सी रकम कट्टा गरेपनि खर्च नगरेको | १३७५० |
| २२- २०७९।३।२३ | प्रदेश पूँजीगत | कन्टिन्जेन्सी रकम कट्टा गरेपनि खर्च नगरेको | १८१८० |
| २६- २०७९।३।२४ | प्रदेश पूँजीगत | कन्टिन्जेन्सी रकम कट्टा गरेपनि खर्च नगरेको | १३७५० |
| २८- २०७९।३।२४ | प्रदेश पूँजीगत | कन्टिन्जेन्सी रकम कट्टा गरेपनि खर्च नगरेको | १२५०० |
| जम्मा रु. | | | ६६५१५३ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६७</td><td></td><td></td><td>दोहोरो भुक्तानीः<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने तथा नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेखु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहाय बमोजिमको भुक्तानी दिदाँ दोहोरो भुक्तानी भएको हुँदा सम्बन्धित उपभोक्ता समिति/निर्माण व्यवसायीबाट असुल हुनुपर्दछ ।<br>
<table>
<tr><th>सि. नं .</th><th>भौचर नं.</th><th>भुक्तानी पाउनेको नाम</th><th>कार्यक्रम</th><th>बढी रकम रु.</th></tr>
<tr><td>१</td><td>२६-प्रदेश पूँजीगत ०७९।३।२४</td><td>ग्रामिण विद्युतीकरणका लागि पोल बत्ती जडान उपभोक्ता समिति, झुम्का , सुनसरी</td><td>D-Iron with Shackle Insulator- १०० वटा दोहोरो भुक्तानी</td><td>२१८८३</td></tr>
<tr><td>२</td><td>६-प्रदेश समपुरक ०७९।३।१९</td><td>श्रीजल निर्माण सेवा, रामधुनी - ५ , सुनसरी</td><td>धरौटी र अग्रिम आयकर भौचर नं. ४ मा नै जम्मा भइसकेको तर पुनः भुक्तानी</td><td>१७३३४०</td></tr>
<tr><td colspan="4">जम्मा रु.</td><td>१९५२२३</td></tr>
</table></td><td>१९५,२२३</td></tr>
<tr><td>६८</td><td></td><td></td><td>विद्यालय भौतिक पूर्वाधार निर्माणः<br><br>शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं ११.१.२.१ मा प्रत्येक स्थानीय तहले विद्यालय भौतिक पूर्वाधार कार्यक्रमहरु कार्यान्वयन गर्दा सम्पूर्ण निर्माण कार्य नेपाल राष्ट्रिय भवन संहिता, २०६० अनुसार गर्नु गराउनु पर्ने, स्थानीय तह अन्तर्गतका विद्यालयमा हुने भौतिक निर्माणका कार्यहरु स्थानीय तहले आफ्नो प्राविधिक मार्फत सुपरीवेक्षण गराउने र कार्यसम्पादन प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । साथै राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयनका लागि शिक्षा तथा मानव श्रोत विकास केन्द्रद्वारा मिति २०७९।१।५ च.नं. ६०१ को निर्देशनको बुँदा नं. २ अनुसार प्राप्त कार्यक्रम</td><td>७,२००,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>अनुरुप तोकिएको डिजाइन ड्रइङ तथा लागत अनुमान अनुसार २ कोठे तथा ४ कोठे भवन निर्माण गर्नुपर्ने व्यवस्था छ । उक्त कार्यक्रमका लागि देहायका विद्यालयलाई रु. ७२ लाख निकासा भएको छ । तर विद्यालय निर्माणसँग सम्बन्धित कागजात सम्बन्धित विद्यालयहरुले पालिकामा पेश गरेका छैनन् । तसर्थ निर्माणसँग सम्बन्धित कागजात तथा कार्य सम्पन्न भएको प्रतिवेदन पेश गर्नुपर्ने रु.
<table>
<tr><th>सि नं.</th><th>विद्यालयको नाम</th><th>शीर्षक</th><th>रकम</th></tr>
<tr><td>१</td><td>भगवती आधारभूत विद्यालय, रामधुनी ४</td><td>२ कोठे भवन</td><td>१८००००००</td></tr>
<tr><td>२</td><td>पञ्चायत माध्यमिक विद्यलय, रामधुनी ७</td><td>४ कोठे भवन</td><td>३६००००००</td></tr>
<tr><td>३</td><td>जनता माध्यमिक विद्यालय, रामधुनी ३</td><td>प्राविधिक धार विद्यालयको ल्याब व्यवस्थापन</td><td>१८००००००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>७२००००००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६९</td><td></td><td></td><td>लोक सेवा तथा शिक्षक सेवा तयारी कक्षा संचालनः<br><br>पालिकाले प्रदेश निर्वाचन पूर्वाधार विकास कोष अन्तर्गतको लोक सेवा तथा शिक्षक सेवा तयारी कक्षा संचालनका लागि विनियोजित बजेट रु. २००००० को कार्यान्वयनका लागि एन.एन. एजुकेशन सेन्टरसँग सम्झौता गरेको देखिन्छ । कार्यक्रमको उद्देश्य लोक सेवा तथा शिक्षक सेवासम्बन्धी तयारी कक्षा दिने रहेको र सोही अनुसार सम्झौतासमेत भएकोमा कुनै पनि कक्षा संचालन नगरी पुस्तक खरिद गरी वितरण गरेको भरपाई पेश गरेको छ । पुस्तक खरिद गर्दा खरिद प्रकृया अवलम्बन नगरी न्यूनतम प्राप्त गर्ने छुट समेत लिएको देखिदैंन । त्यसैगरी, पालिकाले एन.एन. एजुकेशन सेन्टरसँग कार्यक्रम गर्ने सम्झौता भई भुक्तानी समेत माग गरेकोमा फरक फर्म न्यु सप्तकोशी छापाखानालाई बिल रकमभन्दा रु. ५६० भुक्तानी गरेको देखिन्छ । अतः कार्यक्रमको उद्देश्यअनुरुप कार्यक्रम सञ्चालन नभएको, पुस्तक खरिदमा छुट प्राप्त नगरिएको, फरक फर्मलाई भुक्तानी दिइएको र बिलभन्दा बढी रकम भुक्तानी दिइएको हुँदा यसरी गरिएको खर्च नियमसम्मत नदेखिएको रु.</td><td>२००,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७० | | | **तीस प्रतिशत मु. अ. कर कट्टा नगरेकोः**<br><br>मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ग मा सरकारी निकायले ठेक्का सम्झौता वा करार सम्झौता वा करार अन्तर्गत आपूर्ति हुने वस्तु, सेवा वा दुवै आपूर्ति गरी सो बापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको तीस प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजस्व शीर्षकमा जम्मा गरी बाँकी रहने कर बापतको रकम मात्र भुक्तानी गर्नु पर्ने व्यवस्था छ । पालिकाले भुक्तानी गरेको भौचरको नमूना परीक्षण गर्दा देहायको सम्झौतामा नियमानुसार कट्टा गर्नु कर रकम कट्टा नगरेको हुँदा सम्बन्धितले मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्छ । | १०८,५२५ |

| गो. भौ . नं .र मिति | फर्मको नाम | बिजक नं. | भ्याट रकम रु. | तीस प्रतिशत रकम रु. |
|---|---|---|---|---|
| ६५-संघ ०७९।३।२४ | अल्ट्रा सन इनर्जी ( ६०१५८५१९५ ) | १९७ | ५५८३४ | १६७८१ |
| ६७-संघ ०७९।३।२४ | एलीना इन्फोटेक प्रा. लि .( ६०९७३५८३३ ) | ITH45 | ५२९२३ | १५८७७ |
| ७-प्रकोप कोष ०७८।१२।१५ | बराह कंक्रिट्स उद्योग ( ६०७९५०१९१ ) | २८ | २५६८८ | ७७०७ |
| ५१५।०७९।३।७ | रोयल अटो इन्टरप्राइजेज | | २२७२०० | ६८१६० |
| जम्मा रु. | | | | १०८५२५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७१ | | | **नमूना सामुहिक आवास निर्माणः**<br><br>पालिकाको वडा नं. ७ मा नमूना सामुहिक आवास निर्माणका लागि संघ सरकारको अनुदान रु. ३५ लाख, पालिकाबाट रु. १५ लाख र उपभोक्ताको जनसहभागिताबाट रु. ५,५५,५५६ गरी जम्मा रु. ५५,५५,५५६ को लागत अनुमानमा उपभोक्ता समिति मार्फत १३ (तेह्र) वटा सामुहिक आवास निर्माण कार्य सम्पन्न भई भुक्तानी गरिएको छ । यसरी निर्माण भएको सामुहिक आवासको समुचित प्रयोग | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गराउनेतर्फ पालिकाको ध्यान जानु पर्दछ । | |
| ७२ | | | **सौर्य ऊर्जा सडक वत्ती खरिदः**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा मालसामानको लागत अनुमान गर्दा स्पेसिफिकेशनको अधीनमा रही तयार गर्नुपर्ने र नियम १४ बमोजिम लागत अनुमान तोकिएको अधिकारीबाट स्वीकृत हुनुपर्ने व्यवस्था छ । त्यस्तै नियमावलीको नियम ८५(४) मा सार्वजनिक निकायले एकल लाख रुपैयाँभन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदा सूचीमा रहेका कम्तीमा तीनवटा आपूर्तिकर्ता वा सेवा प्रदायकबाट लिखित रुपमा दरभाउपत्र माग गरी खरिद गर्नुपर्ने तथा प्राप्त भएका दरभाउपत्र सारभूत रुपमा प्रभावग्राही हुनुपर्ने कानुनी व्यवस्था रहेको छ । पालिकाले सौर्य ऊर्जा सडक बत्ती खरिदका लागि प्रति सडक बत्ती पोलसहितका लागि भ्याट बाहेक रु. १३८००० का दरले ५ थान पोलको भ्याटसहित जम्मा रु. ७७९७०० को लागत अनुमान स्वीकृत गरेको छ । तर, पालिकाले कार्यपालिकाको मिति २०७९।१।७ गतेको बैठकले ७ थान सडक बत्ती खरिद गर्ने भनी गरेको निर्णयानुसार तीनवटा फर्मबाट दररेट माग गरी सबैभन्दा कम दररेट पेश गर्ने अल्ट्रा सन इनर्जी (६०१५८५१९५) बाट रु. ७८९८३४ मा खरिद गरी भुक्तानी गरेको देखिन्छ । उही मूल्यमा बढी संख्यामा सौर्य सडक बत्ती खरिद गर्दा गुणस्तरमा असर पर्न सक्ने हुँदा आगामी दिनमा कानुनमा भएको व्यवस्था अनुसार खरिद कार्य गर्नेतर्फ पालिकाको ध्यान दिनुपर्दछ । | |
| ७३ | | | **सहरी खानेपानी तथा सरसफाई आयोजना**<br><br>२७७।०७८।१२।२३, पूँजीगत, सहरी खानेपानी तथा सरसफाई आयोजना अन्तर्गत वडा नं. १ २ ३ र ५ मा खानेपानी पुग्ने खानेपानी आयोजना निर्माणको लागि नेपाल सरकार, नगर कोष, नगरपालिका र उपभोक्ता समितिबीच सम्झौता भएको देखिन्छ । सम्झौता अनुसार कुल लागतको नगर कोषले २५ प्रतिशत नेपाल सरकारले ७० प्रतिशत र जनहभागिता वापतको ५ प्रतिशत मध्ये उपभोक्ता समितिले ३ प्रतिशत र नगरपालिकाले २ प्रतिशत रकम व्यहोर्नुपर्ने उल्लेख छ । उक्त आयोजनाको ठेक्का सम्झौता भ्याटसहित रु. ३६५३८१०८४ मा भएको हुँदा सम्झौता अनुसार नगरपालिकाले व्यहोर्नुपर्ने रकम रु. ७३०७६२१ हुनुपर्नेमा पुन ३ प्रतिशत नगरपालिकाले व्यहोर्ने भनी उल्लेख गरेको छ । अधिकतम रु. ७३०७६२१ मध्ये यस आर्थिक वर्षमा नगरपालिकाले रु. ७०००००० निकासा गरेको छ । पालिकाले निकासा गरेको रकम उपभोक्ता समितिको नाममा निकासा गरेको तथा उपभोक्ता समितिको खातामा रहेको हुँदा आयोजनामा भुक्तानी भएको कार्यसम्पन्न भएको प्रमाण पेश हुनुपर्ने रु. | ७,०००,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७४</td><td></td><td></td><td>

**ग्राभेल परिमाण नघटाएको**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान बनाउनुपर्ने व्यवस्था छ । लागत अनुमानमा स्वीकृत नर्म्सको प्रयोग गर्नुपर्ने हुन्छ । पालिकाले देहायको सडक निर्माण सम्बन्धी कार्यको लागत अनुमान बनाई ठेक्का मार्फत खरिद कार्य गरेको देखिन्छ । लागत अनुमान बनाउदा सबवेसको लेयिङ तथा कम्पेक्सनको काम गर्न अघि उक्त सडकमा रहेको पुरानो ग्राभेल ग्रेडिङ गरी निकाली लेवलिङ गरेको संलग्न प्रमाणबाट देखिन्छ । पुरानो सडकबाट निक्लेको सबवेस material लाई थुपारी पुनः त्यही सबवेस निर्माणको काममा प्रयोग गरेको भए पनि उक्त परिमाण लागत अनुमान बनाउँदा तथा रनिङ बिल भुक्तानी गर्दा सबवेस Material को लागत घटाई लेयिङ तथा कम्पेक्सनको मूल्य मात्र भुक्तानी गर्नुपर्नेमा सबै परिमाणको नै लागत अनुमानमा समावेश भएको देखिएको रु.

<table>
<tr><th>योजनाको नाम</th><th>उपभोक्ता/ निर्माण व्यवसायी</th><th>पुरानो सडक ग्रेडिङ गरेको ग्राभेलको घनत्व (मि)</th><th>सबवेस Material (घन मि)</th><th>स्वीकृत दर</th><th>जम्मा रकम</th><th>कैफियत</th></tr>
<tr><td>रामधुनी ८ सडक कालोपत्रे वडा कार्यालय देखि रामधुनी ९ छप्की सम्म बाटो</td><td>चक्र निर्माण सेवा</td><td>८५८× ३.३६ ×०.२</td><td>५७६</td><td>१६६९</td><td>९६१३४४</td><td></td></tr>
</table>

</td><td>९६१,३४४</td></tr>
<tr><td>७५</td><td></td><td></td><td>

**नाफामूलक संस्थालाई अनुदान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पूँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन । यदि उपलब्ध गराउने हो भने पनि सार्वजनिक रुपमा निःशुल्क वा न्यून शुल्कमा सेवा उपलब्ध गराउने सुनिश्चित हुनुपर्दछ । यस पालिकाले यो वर्ष देहाय अनुसारका नाफामूलक संस्थालाई रु. ४०९४९७/- अनुदान उपलब्ध गराएको छ । तर त्यसबाट उपरोक्त बमोजिम सेवा प्रवाह हुने सुनिश्चित छैन ।

<table>
<tr><th>भौचर नं.</th><th>अनुदान पाउने संस्थाको नाम</th><th>अनुदान रकम</th></tr>
</table>

</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>८७२-०७९।२।१७</td><td>ए एण्ड बि एग्रिकल्चर प्रालि</td><td>३४०००</td></tr>
<tr><td>९३३-०७९।३।२</td><td>दुग्ध सहकारी संस्था</td><td>३२५४९७</td></tr>
<tr><td>१०७३-०७९।३।२०</td><td>साना किसान कृषि सहकारी संस्था</td><td>५००००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>४०९४९७</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७६</td><td></td><td></td><td>
प्रधानमन्त्री रोजगार कार्यक्रम<br><br>
स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७७ को दफा ६ अनुसार स्थानीय तहले पूर्ण रुपमा ज्यालामा आधारित भई दफा ५ अनुसार प्राथमिकीकरण सहित एक सय दिनको रोजगारी सुनिश्चितता हुने गरी दफा ४ बमोजिमका आयोजना छनौट तथा कार्यान्वयन गर्नु पर्ने व्यवस्था छ । यस वर्ष पालिकालाई ४२२ जना श्रमिकको लागि १०० दिन रोजगारी श्रृजना हुने गरी प्रतिदिन रु.५७७ का दरले कुल रु.२,२६,८८,०००।– बजेट प्राप्त गरेकोमा पालिकामा रहेको १८४२ कुल सूचीकृत बेरोजगारीमध्ये विभिन्न १४ वटा कार्यक्रम/आयोजनामा २९२ जनालाई औषत ८३।५ दिनले २४३८३ दिन रोजगार दिई प्रतिदिन रु.५१७।-का दरले श्रमिकको खातामा भुक्तानी गरी रु.१,२६,०६,०११।- खर्च गरेको छ । निर्देशिका तथा कार्यविधि अनुसार १०० दिन रोजगार सिर्जना गर्नुपर्नेमा पालिकाले ८३।५ दिन मात्र रोजगार उपलब्ध गराएको नियम सँगत देखिएन भने प्राप्त बजेटमध्ये ५५।५६ प्रतिशत मात्र खर्च हुनु सन्तोष जनक मान्न सकिएन साथै उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यविधि तथा निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।<br><br>
<table>
<tr><th>क्रस</th><th>योजनाको नाम</th><th>श्रमिक सख्या</th><th>जम्मा कार्य दिन</th><th>लागत अनुमान(रु. मा)</th><th>खुद भएको काम (रु .</th><th>जम्मा भुक्तानी</th></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | मा) | |
| १ | वडा नं. १ सिँचाई कुलो पैनी मर्मत तथा बाटो स्तरउन्नती | २७ | २५३४ | १३९६००० | १३१००७८ | १३१००७८ |
| २ | वडा २ नं . बाटो स्तरउन्नति तथा मर्मत सम्भार | २७ | २५४० | १३९६००० | १३३१२७५ | १३१३१८० |
| ३ | ३ नं. वडा ढल निकासा तथा पक्की नाला निर्माण र सरसफाई-प्रमरोका | ९ | ९०० | ४६९३०० | ४६५३०० | ४६५३०० |
| ४ | ४ नं. वडा कृषि सडक बाटो मर्मत-प्रमरोका | ९ | ८८२ | ४६९३०० | ४५५९९४ | ४५५९९४ |
| ५ | ५ नं. वडा ढल निकासा तथा पक्की नाला निर्माण- प्रमरोका | ९ | ८५५ | ६७२१०० | ४४२०३५ | ४४२०३५ |
| ६ | ६ नं. वडाको कृषि सडक बाटो मर्मत सम्भार | १० | ९८४ | ६१७००० | ५०८७२८ | ५०८७२८ |
| ७ | ७ नं. खानेपानी पाइपलाइन विस्तार , खोला बाँध तथा कल्भट पुल निर्माण र सिँचाई कुलो पैनी मर्मत | २६ | २४६४ | १३९६००० | १२७३८८८ | १२७३८८८ |
| ८ | ८ नं. वडा कच्ची सडक बाटो मर्मत सम्भार | २७ | २६०४ | १३९६००० | १३४६२६८ | १३४६२६८ |
| ९ | ९ नं वडा कृषि सडक बाटो मर्मत सम्भार | २६ | २५७१ | १५५८००० | १३२९२०७ | १३२९२०७ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>र ढल निकासा नाला नर्माण</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>१०</td><td>वडा नं. ६ सिसुवा पोखरी निर्माण तथा मर्मत सम्भार</td><td>५०</td><td>१०६३</td><td>७७५५००</td><td>५४९५७१</td><td>५४९५७१</td></tr>
<tr><td>११</td><td>३ नं वडा कृषि सडकबाटो मर्मत सम्भार - युवारुप</td><td>१८</td><td>१८००</td><td>९३४२००</td><td>९३०६००</td><td>९३०६००</td></tr>
<tr><td>१२</td><td>सडक बाटो मर्मत समभार वडा ४ - युवारुप</td><td>१८</td><td>१७०३</td><td>९३४२००</td><td>८८०४५१</td><td>८८०४५१</td></tr>
<tr><td>१३</td><td>५ नं वडा कृषि सडक बाटो मर्मत सम्भार- युवारुप</td><td>१८</td><td>१७०४</td><td>९३४२००</td><td>८८०९६८</td><td>८८०९६८</td></tr>
<tr><td>१४</td><td>६ नं वडा खानेपानी पाइपलाइन विस्तार शंकरवेली मुहान देखि गेटसम्म</td><td>१८</td><td>१७७९</td><td>१०३८४००</td><td>९१९७४३</td><td>९१९७४३</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२९२</td><td>२४३८३</td><td>१३९८६२००</td><td>१२६२४१०६</td><td>१२६०६०११</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७७</td><td></td><td></td><td>सामाजिक सुरक्षा तथा संरक्षण(३१४०१०१२३)</td><td></td></tr>
<tr><td>७७.१</td><td></td><td></td><td>सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन-२०७५, सामाजिक सुरक्षा नियमावली २०७६, विद्युतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति-२०७४, सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि-२०७७ को प्रावधान बमोजिम गर्नु पर्ने व्यवस्था छ । पालिकालाई सामाजिक सुरक्षा कार्यक्रमको लागि यो वर्ष नेपाल सरकारबाट रु.१९,१०,७८,६८८/- प्राप्त भएकोमा रु.१९,०३,६४,२२६/- रकम खर्च देखाई आर्थिक विवरण पेश भएको छ । यस सम्बन्धमा देखिएको व्यहोराहरु निम्नानुसार छनः<br><br>• पालिकाबाट तयार गरेको फरवार्ड फिड अनुसार यस वर्ष जेष्ठ नागरिक, जेष्ठ नागरिक दलित, एकल महिला, विधवा, पूर्ण अपाङ्ग,</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

अतिअसक्त अपाङ्ग, वालपोषण दलित बर्गमा सामाजिक सुरक्षा भत्ता वितरण गर्नको लागि बैंकलाई पठाएको तथ्याङ्क देहाय अनुसार छ ।

| क.स. | विवरण | प्रथम त्रैमासिक | | दोश्रो त्रैमासिक | | तेश्रो त्रैमासिक | | चौथो त्रैमासिक | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | औषत संख्या | रकम |
| १ | जेष्ठ नागरिक | २५३७ | ३०२१३९२० | २६१५ | ३०८५०२३७ | २६३३ | ३११३२४६४ | २६६३ | ३१७५८८७५ | २६१२ | १२३९५५४९६ |
| २ | ज्येष्ठ नागरिक दलित | २३५ | १८३३२३९ | २२९ | १८०९०७५ | २२६ | १८०३४८० | २१९ | १७४७८२० | २२७ | ७१९३६१४ |
| ३ | एकल महिला | ६५९ | ५२०९८७० | ६४२ | ५०८८५८० | ६५५ | ५१९५३३५ | ६४७ | ५१६०४०० | ६५१ | २०६५४१८५ |
| ४ | विधुवा | ८१८ | ६४५८४८० | ८४० | ६६०२१२० | ८४८ | ६७००५४० | ८४२ | ६७१३८४० | ८३७ | २६४७४९८० |
| ५ | पूर्ण अपाङ्गता | ७६ | ९०१७४० | ७४ | ८८५७८० | ७३ | ८६८४९० | ७३ | ८६९८२० | ७४ | ३५२५८३० |
| ६ | अति असक्त अपाङ्गता | २४६ | १५४४९२८ | २५४ | १६०८७६८ | २६० | १६४६६४६ | २६२ | १६५५९२७ | २५६ | ६४५६२६९ |
| ७ | दलित बालबालिका | ३६९ | ५६२९५५ | ३५९ | ५२८००० | ३४६ | ५२१६०४ | ३२१ | ४९१२९३ | ३४९ | २१०३८५२ |
| | जम्मा | ४९४० | ४६७२५१३२ | ५०१३ | ४७३७२५६० | ५०४१ | ४७८६८५५९ | ५०२७ | ४८३९७९७५ | ५००६ | १९०३६४२२६ |

- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २२ उपदफा २ अनुसार अनुसूची-१० बमोजिमको ढाँचामा पालिका र नेपाल बैंक लिमिटेड, शाखा कार्यालय, झुम्का र एनआईसी एसिया बैंक शाखा कार्यालय, झुम्कासँग मिति २०७७।३।२९ मा द्विपक्षीय सम्झौता भई पालिकाको वडा नं.१ देखि ५ सम्मको नेपाल बैंक लिमिटेड र वडा नं. ६ देखि ९ सम्मको एनआईसी एसिया बैंकबाट सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउदै आएको छ । बैंकलाई रु.१९,०३,६४,२२६।– निकासा दिएकोमा बैंकले रु.१९,०३,४०,१३२।- बितरण गरी बाँकी रहेको रकम र लाभग्राहीहरुले नपाउने रकम सहित मिति

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | २०७९।४।४ मा रु.६५,८८७।- फिर्ता गरेको विवरण देहाय बमोजिम रहेको छ । | |

| | नेपाल बैंक लिमिटेड | | | | एनआईसी एसिया बैंक | | | |
|---|---|---|---|---|---|---|---|---|
| | निकासा | वितरण | बाँकी रकम | फिर्ता भएको रकम(वितरण गरी बाँकी रहेको र मृत्यु लगायतका कारण लाभग्राहीले नपाउने भनी बैंकबाट फिर्ता भएको रकम) | निकासा | वितरण | बाँकी रकम | फिर्ता भएको रकम(वितरण गरी बाँकी रहेको र मृत्यु लगायतका कारण लाभग्राहीले नपाउने भनी बैंकबाट फिर्ता भएको रकम) |
| प्रथम | २६४८४५२६ | २६४८४५२६ | ० | ० | २०२४०६०६ | २०२३६३५० | ४२५६ | ४२५६ |
| दोस्रो | २६७५४५२५ | २६७५४५२५ | ० | ३८६७ | २०६१८०३५ | २०६०९५२३ | ८५१२ | ८५१२ |
| तेस्रो | २६९९४१९१ | २६९९४१९१ | ० | २०००० | २०८७४३६८ | २०८६५०४८ | ९३२० | ९३२० |
| चौथो | २७४०४७४९ | २७४०२९४३ | १८०६ | १९७३२ | २०९९३२२६ | २०९९३०२६ | ० | २०० |
| जम्मा | १०७६३७९९१ | १०७६३६१८५ | १८०६ | ४३५९९ | ८२७२६२३५ | ८२७०३९४७ | २२०८८ | २२२८८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७७.२ | | | **एम.आई.एस. विवरण** :- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि-२०७७ को परिच्छेद ४ को बुँदा नं १४ मा प्रत्येक स्थानीय तहले प्रविष्ट गरेको अद्यावधिक एम.आई. एस. लगतका आधारमा भत्ता रकम निकासा पाउने सम्बन्धमा व्यवस्था छ । पालिकाबाट प्राप्त एम.आई.एस मूल अभिलेखको परीक्षण गर्दा लाभग्राहीहरुको विवरण पूर्ण रुपमा भरेको देखिएन । नमूना छनौट गरी परीक्षण गरिएकोमा केही लाभग्राहीको बाबु, आमा, बाजेको नाम उल्लेख नगरेको समेत देखियो । एम.आई.एस. विवरण अद्यावधिक नहुँदा एकै नामथर भएको व्यक्तिलाई दोहोरो भत्ता जान सक्ने, मृत्यु भई सकेकालाई भत्ता भुक्तानी हुन सक्ने जोखिम रहेको हुँदा पालिकाले एम.आई.एस. लगत अद्यावधिक गरेर मात्र भत्ता वितरण सम्बन्धी कार्य गर्नुपर्दछ । | |
| ७७.३ | | | **निस्कृय खाताः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ अनुसार सामाजिक सुरक्षा विशेष बचत खाता संचालन गर्ने बैंक तथा वित्तीय संस्थाले निस्कृय खाताको विवरण प्रत्येक श्रावण र माघ महिनाभित्र सम्बन्धित स्थानीय तहलाई दिनुपर्ने ब्यवस्था छ । पालिकाले यस आ.व.मा २(दुई) वटा बैंक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गरेकोमा लेखापरीक्षणको क्रममा निस्कृय खाताको विवरण माग गर्दा बैंकबाट प्राप्त नभएको भनी पालिकाबाट प्राप्त भएन । यसर्थ बैंकमा रहेको खातामध्ये निस्क्रिय खातामा के कति रकम रहेको वा नरहेको सम्बन्धमा स्पष्ट हुन सकिएन । कार्यविधिमा उल्लेखित व्यवस्था र पालिका र बैंकबीच भएको सम्झौताका शर्तहरुको पूर्ण पालना गर्ने र लागू गर्नेतर्फ पालिकाको ध्यान जानु जरुरी देखिन्छ । | |
| ७८ | | | अनुगमन तथा सम्परीक्षणः<br><br>लेखापरिक्षणको क्रममा गत विगत वर्षको बेरुजु सम्परिक्षणको लागी पेश नभएको । | |